Jana Aakash National Weekly

# जन आकाश

Jana Aakash National Weekly

राष्ट्रिय साप्ताहिक

वर्ष-१२ , अंक- ११, २०७६ साल कार्तिक ५ गते मंगलबार (Oct, 22, 2019) www.janaakash.com.np मुल्य रु १०।-

**जन आकाश मिडिया प्रा.लि.बाट प्रशारित**

www.janaakash.com.np

अनलाइन सञ्चालन भइरहेको हुँदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायिक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठकवर्ग लगायत महानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जन आकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जन आकाशको बार्षिकउत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, संघसंस्थाहरुले सम्पर्क राख्न अनुरोध गरिन्छ ।

सम्पर्क: ४१६७५७८ (बागबजार)

मोबाइल: ९८६१५८८४५६

Email: jana.news2065@gmail.com

हाम्रो आगामी अंक कार्तिक १९ गते प्रकाशित हुनेछ ।

## कहिले बनाउँछौ आत्मनिर्भर देश ?

- बाटो विदेशीले आएर बनाइदिनु पर्ने ।
- ऋण विदेशीले दिनुपर्ने ।
- पत्रकारले फलानो देशले यति सहयोग गऱ्यो भनेर समाचारको हेडिङ लेख्नुपर्ने ।
- आम सञ्चार माध्यममा बिदेशी कम्पनीले उत्पादन गरेका सामाग्रीहरुको प्रचार गरेर सञ्चार माध्यम धान्नुपर्ने ।
- नेपाली सेना, प्रहरी, सशस्त्र प्रहरीका गोली, बारुद्ध समेत विदेशबाट आयात गर्नुपर्ने ।
- गोलभेडा समेत विदेशबाट किनेर खानुपर्ने ।
- जलस्रोतको धनी देशमा भारतबाट विजुली किनेर बाल्नुपर्ने ।
- विदेशीले दिएको ऋणमा देशको नेतृत्व तह मख्ख पर्ने ।

**मोहन कार्की**

मेरो देश हाम्रो देश हामी सबै नेपालीहरुको देश नेपाल, स्वतन्त्र, सार्वभौमसत्ता सम्पन्न हाम्रो देश, हाम्रो देशको संस्कृति सबैलाई दिन पुगोस् खान पुगोस् । तर यतिबेला नेपालको राष्ट्रिय स्थिति मगन्ते अवस्थामा छ । नेपालीहरुले विश्वमा थुप्रै देशहरुमा गएर चरम महेनत गरेर देशको अर्थतन्त्रलाई जोगराइराखेका छन् । देशको नेतृत्व गर्नेहरुले चाहिँ नेपाललाई आत्मनिर्भर बनाउने खालका योजनाहरु अहिलेसम्म बनाउन सकेका छैनन् । कुनैबेला हाम्रा बाउ, बाजे, बराजुहरुले मानवीय सुविधाका लागि पार्टी, पौवा, कुवा, धारा, मन्दिर, गुम्बा, सत्तल, मसानघाटजस्ता सामुहिक रुपमा काम गरेर राखेका पुरातात्विक संरचनाहरुले पुष्टि गरिरहेका छन् । तिनै महान पूर्खाका सन्तान हामीहरु जो आधुनिक युगको कुरा गर्छौं र विज्ञानको युगमा एक्काइसौं शताब्दीको उत्तराद्धमा छौं । यही समयमा एउटा फराकिलो कोटेश्वर जगाती सडक जापानले आएर बनाइदिएको छ । अर्को पनि धुलिखेल खुर्कोट विपी राजमार्ग जापानले बनाइदिएको छ । लामोसाँघु-जिरी सडक खण्ड स्वीट्जरल्याण्डले, कोटेश्वर-कलंकी सडकखण्ड चीनले त्यस्तै अनि कुनै आयोजना बनाउनु पऱ्यो भने पनि विदेशीको ऋण लिनुपर्ने ठुला आयोजनाहरु सबै विदेशीलाई दिइरहेको अवस्था छ ।

### नेपालमा आम सञ्चारको अवस्था

देशको सत्य तथ्य विश्वसनीय र धेरै भन्दा मानिसहरुलाई छिटो छरितो ढंगबाट जानकारी गराउने आम सञ्चार बाँकी ८ पृष्ठमा

## नेकपा (माले) काठमाडौंको जलपान सम्पन्न




काठमाडौं । गत शनिबार काठमाडौं जिल्ला कमिटी नेकपा (माले)को आयोजनामा नयाँ बानेश्वरस्थित नेपालीहरुको महान चाड बिजयादशमी, शुभदीपावली, म्हःपुजा, छठ तथा उघौली पर्वको उपलक्ष्यमा शुभकामना आदानप्रदान तथा जलपान समारोहको आयोजना गरिएको थियो । बाँकी ८ पृष्ठमा

## राष्ट्रपतिको जापान भ्रमणमा

काठमाडौं- राष्ट्रपति विद्यादेवी भण्डारी र जापानका प्रधानमन्त्री सिन्जो आबेबीच हिजो बिहान टोकियोस्थित 'आकासाका प्यालेस, स्टेट गेष्ट हाउस' मा



भएको भेटवार्ता छ । भेटवार्तामा नेपालको आर्थिक विकासमा जापानी सहयोगका विषयमा केन्द्रित हुने बताइएको छ ।

राष्ट्रपति भण्डारीले भेटवार्तामा नेपालको आर्थिक विकासमा जापान सरकारले गरेको सहयोगका लागि धन्यवाद व्यक्त गर्दै यस्तो सहयोग निरन्तर रहने विश्वास व्यक्त गर्नुभएको नेपाली प्रतिनिधिमण्डलमा सहभागी परराष्ट्र सचिव शङ्करदास वैरागीले जानकारी दिए । राष्ट्रपति भण्डारीले जापानी सम्राट् नारुहितोको शुभराज्याभिषेकमा सहभागी हुन आइतबार टोकियो आइपुग्नु भएको हो ।

राष्ट्रपति भण्डारीले नेपालको पूर्वाधार विकासमा जापानी लगानी तथा नेपाल भ्रमण वर्ष २०२० सफल पार्न जापानी सहयोगका लागि आग्रह गर्नुभयो । उहाँले लुम्बिनीलाई विश्व शान्ति केन्द्र बनाउन जापानी प्राध्यापक केन्जो टाँगेले बनाएको गुरुयोजनाले पूर्णता पाउने विश्वास व्यक्त गर्नुभयो । जापानी प्रधानमन्त्री आबेले नेपालको दिगो विकासमा जापानको सहयोग निरन्तर रहने आश्वासन दिँदै दुई मुलुकबीच व्यापार घाटा कम गर्ने विषयमा बाँकी ८ पृष्ठमा

## उपराष्ट्रपतिले कार्यक्रम नगर्ने



काठमाडौं - तिहार, छठ पर्व र नेपाल सम्वत्का अवसरमा उपराष्ट्रपति नन्दबहादुर पुनले आयोजनाा गर्दै आउनुभएको शुभकामना आदानप्रदान तथा जलपान कार्यक्रम यसपटक नहुने भएको छ । उपराष्ट्रपतिको कार्यालय तथा निवास परिसरमा निर्माण कार्य भइरहेकाले यसपटकको शुभकामना आदानप्रदान तथा जलपान कार्यक्रम नहुने उपराष्ट्रपति कार्यालयका सचिव रामकुमार आचार्यले जानकारी दिएका छन् ।

उपराष्ट्रपति कार्यालयले तिहार, छठ एवं नेपाल सम्वत् ११४० का अवसरमा देश तथा विदेशमा रहनुभएका नेपाली दाजुभाइ र दिदीबहिनीमा सुख, शान्ति र समृद्धिको कामना गरेको छ ।

## स्वास्थ्य सचिव डा.चौधरीद्वारा राजीनामा

काठमाडौँ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयकी सचिव डा. पुष्पा चौधरीले सचिव पदबाट राजीनामा दिएकी छिन् । स्वास्थ्य मन्त्रालायका अनुसार चौधरीको राजीनामा स्वीकृत भने हुन बाँकी रहेको छ । विश्व स्वास्थ्य संगठनको पि फाइभ तहमा नाम निकाल्न सफल भएपछि डा.चौधरीले राजीनामा दिएको बताइएको छ । डा. चौधरी गतवर्ष कार्तिकमा सरकारले गरेको सरुवा निर्णयविरुद्ध अदालतमा गएकी थिइन् । चौधरीले राजीनामाबारे पटकपटक बाँकी ८ पृष्ठमा



'मान्छे कसैले पनि कर्म लिएर आएको हुँदैन । सृजना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ ।'– *मोहन कार्की*

## सम्पादकीय

# अफताव, गुरुङ र महराको केशले द्वन्द नबढाओस्

यतिबेला देशभरीका मानिसहरुको चासो वहालवाला संसदहरु मोहम्मद अफताव आलाम र पार्वत गुरुङ्गको विषयमा सबैको ध्यान त्यतातिर केन्द्रीत भइरहेको छ ।

मोहम्मद अफताव पटक–पटक मन्त्री भई सकेका संसद हुन् भने पार्वत गुरुङ संसद हुन् उनी पनि मन्त्री बन्ने लाइनमा नै थिए । यी दुबै संसदहरु यतिबेला अदालतमा कानून उल्लघंन गरेको मुद्धामा हाजिर गरिरहेका छन् । तर बजारमा हल्ला चर्चा पक्ष विपक्ष देखिएको छ भने मानौ कि न्यायाधीशहरु तिनीहरु नै हुन् । त्यस्तै अवस्थामा यी दुबै संसदको हल्ला उनीहरुको समर्थक र विरोधीपक्षले सामाजिक सञ्जालमा उल्लेख गरेका छन् ।

त्यसैगरी बजारमा चियागफ पनि यिनै विषयवस्तुले बढी प्राथमिकता पाएको छ । दुबै संसद्को मुद्धा चुनावको बेला चुनाव जित्नका लागि मानिसहरुको हत्या गरेको आरोप लागेको छ । त्यसमध्ये पार्वत गुरुङ सामान्य तारिखमा छुटिसकेका छन् भने मोहम्मद अफतावलाई थुनामा राखेर अनुसन्धान भइरहेको छ । मोहम्मद अफताव आलम नेपाली काँग्रेस पार्टीबाट सांसद भएका हुन् भने पार्वत गुरुङ डबल नेकपाबाट सांसद भएका हुन् । यी दुबैको मुद्धा अदालतमा विश्लेषण अनुसन्धान हुँदैछ । यो बेलामा बाहिर पक्ष र बिपक्षले साथै सामाजिक सञ्जालले समेत धैर्य गर्नुपर्छ ताकी अपराधी भए नछुटोस निर्दोष भए मुक्ति पाओस् त्यो राज्यको संयन्त्रले काम गर्न सक्छ नियत सफा राखेर गऱ्यो भने ।

तर नेपालमा नियतहरु धमिलो मुहानबाट फैलने गर्छ र आफ्नो कर्तव्यपरायण भन्दा पनि धेरै टाढा गएर सोचिन्छ एउटा नेपाली नागरिकलाई नेपालकै व्यवस्था अनुसार दुधको दुध पानीको पानी छुट्याउन नेपालको राज्य संयन्त्र काफी थियो र छ ।

पछिल्ला समयहरुमा परिवर्तनको नाममा धेरै खालका शक्तिको उदयसँगै राजनीतिक पार्टीभित्रको पनि कुन गुट र त्यो गुट कुन देशको खुफियासँग नजिक छ त्यो खुफिया एजेन्सीले केही भन्ने हो कि भन्ने सोच राखेर पराधिनवादी प्रबृत्ति नेपाली राष्ट्रिय अस्तित्वमा पनि प्रवेश गरेको छ । त्यसकारण नेपालमा यस्ता समस्यहरु ती खुफिया एजेन्सीहरुको जालोबाट राज्य संयन्त्र मुक्त हुँदैन यस्ता राज्यका प्रतिष्ठा बोकेका प्रतिष्ठित व्यक्तिहरुमा समेत समस्या उठिरहन्छ भने सामान्य नागरिक जो सामाजिक रुपमा परिचित नभएकाहरुको लागि त झनै नागरिक हुनु र नहुनुमा भिन्नता नै नहुने दिन आइरहेको छ । यो अरु केही नभएर विदेशी एजेन्सीहरुले लेखिदिएको व्यवस्था भएको कारण यस्तो समस्या आएको हो भने नेपालको राज्य व्यवसथा परिवर्तनका जो–जोले आन्दोलन गरे ती नेपालीबाट निर्देशित र स्वचालित थिएनन् त्यसको समस्या आज देखिँदैछ ।

नेपालमा उद्योग, कलकारखाना परिवर्तनका नाममा बन्द गराएर मुठिभर मानिसहरुलाई नेपालमा नै हातमा लिएर काम लगाउने र जो–जो मान्दैनन् तिनीहरुलाई यही देशको व्यवस्था प्रयोग गरेर ठेगान लगाउने उद्देश्य राखेर गरिएको खेलहरु जस्तै देखिन्छ । नभए १२ वर्षसम्म मोहम्मद अफताव आलमको मुद्धाले त्यतिबेलै किन पूर्णता पाउन सकेन । पार्वत गुरुङको मुद्धाले त्यतिबेलै किन उठेन र १८ वर्ष अघिको सम्बन्ध भएको कृष्ण बहादुर महराको सम्बन्ध १८ वर्षपछि मात्र एक्कासी आयो जबकी १० वर्षमा त सबै चिज बस्तु मानवीय सोच परिवर्तन भइसकेको हुन्छ ।

त्यसैले यस घटनाहरुबाट नेपालले अव पाठ सिक्नुपर्छ । व्यवस्थापनमा विदेशी निर्देशनको पालना गर्दा हुने समस्या आउन नदिन नेपाली मौलिक दक्ष, योग्य, सक्षम विशेषज्ञहरुद्धारा व्यवस्था निर्माण गर्नुपर्छ ताकी सबै नागरिकमा सबैको अधिकार सुरक्षित हुने गलत गर्नेलाई तुरुन्तै कारवाही गर्न सकिने सबैको अगाडि छर्लङ हुने गरी व्यवस्था भएको हुनुपर्छ ।

तव मात्र अफताव, गुरुङ, महरा जस्ता केशमा पक्ष र विपक्षमा आम नागरिकहरु अभिने छैनन् र स्थायित्व देश बन्न सक्छ यस्तै विवादित खालका प्रबृत्ति बढाउने अदालती हाजिरले भोलि देशमा पक्ष र विपक्षको अराजकता बढ्यो भने देशमा ठूलो दुर्घटना हुन सक्छ बेलैमा नेपाली राज्य संयन्त्र प्रयोग गरेर काम थाल्नुपर्छ तव मात्र परिणाम आउँछ ।

# गणतन्त्रमा ग्रहण (?)

**मोहन पोखरेल**

मुलुक पुनः तरङ्गित हुन थालेको छ । यो एक साताको वीचमा अनेक घटना हुन थालेका छन् । सुन्नै पट्यार लाग्दो किसिमका घटनाले यो देशको बागडोर कस्ता मानिसले चलाएका रहेछन् भन्ने कुरा छर्लङ्ग हुन्छ । सभामुखदेखि सांसद र केही पूर्वमन्त्री समेत विभिन्न अपराध कार्यमा संलग्न हुँदा लोकतन्त्र स्थापनाका लागि संघर्षरत न्यायप्रेमी जनता लाजले शिर निहुराएर हिँड्नु पर्ने अवस्था भएको छ । बलात्कार, हत्या, हिंसा, भ्रष्टाचार र कमिसन खोरको आरोप लागेका केही कथित जनप्रतिनिधि र पूर्वमन्त्री यसरी अपराध कार्यमा मुछिदा र सत्तारुढ पार्टी नेकपा भित्रको आन्तरिक कलह पनि यसै मेसोमा छताछुल्ल हुँदा मुलुकको लोकतन्त्र र गणतन्त्र धरापमा पर्न लागेको होकि भन्ने संशय पैदा हुनु स्वभाविकै हो ।

कृष्ण बहादुर महरा, पार्वत गुरुङ, मोहम्मद अफताव आलमलगायतका केही उच्च पदस्थ राजनीतिक व्यक्तित्वहरु यसरी हरेक काण्डमा मुछिनु र यस्तो क्रम अझै बढ्दै जानुमा सरकारले अविवेकी निर्णयका साथै कार्यान्वयन पक्षको फितलो कार्य नै प्रमुख जिम्मेवार रहन्छ । कृष्णबहादुर महराको अपराध कार्य ढिलै भएपनि सार्वजनिक हुनु र उनी विरुद्ध मुद्धा चल्नु राजनीतिमा

**मोहम्मद अफताव आलम काँग्रेसका एउटा जिम्मेवार नेता हुन् भन्ने भ्रम जनतामा परेको थियो । संविधान सभाको पहिलो चुनावताका उनकै गाउँ रौतहटको राजपुर परदहवामा विपक्षी तर्साउने नियतले आलम पक्षिय कार्यकर्ताले बम बिष्फोट गराउँदा घटनास्थलमा दुई र घाइते भएका १२ जनालाई उपचारै नगरी इँटाभट्टाको आगोमा हालिएको सुन्दै आङ सिरिङ हुने घटना काँग्रेस नेता अफताव आलमले गराएको भन्दै प्रहरीले पक्राउ गर्नु र उनी विरुद्ध मुद्धा चल्नु र भर्खरै पार्टी सभापति शेरबहादुर देउवाले भक्तपुरको एक प्रशिक्षण कार्यक्रममा आलमलाई चोख्याउने प्रयास गुर्न नेपाली राजनीतिमा दुर्भाग्यपूर्ण नै मान्नुपर्छ ।**

शुभ संकेत त मान्नु पर्दछ । अपराध कार्यमा संलग्न हुनेहरु ढिलो चाँडो पक्राउ पर्दा रहेछन् र लोकतान्त्रिक शासन व्यवस्थामा कसैलाई पनि छुट हुँदोरहेनछ भन्ने पक्राउ प्रकरणले सन्देश राम्रो दिएपनि विश्व जनमानसमा नेपालका शासक वर्ग तथा जनप्रतिनिधि भ्रष्ट चरित्रबाट बाहिर जान सकेका रहेनछन् भन्ने नराम्रो सन्देश प्रवाह गरेको छ ।

मोहम्मद अफताव आलम काँग्रेसका एउटा जिम्मेवार नेता हुन् भन्ने भ्रम जनतामा परेको थियो । संविधान सभाको पहिलो चुनावताका उनकै गाउँ रौतहटको राजपुर परदहवामा विपक्षी तर्साउने नियतले आलम पक्षिय कार्यकर्ताले बम बिष्फोट गराउँदा घटनास्थलमा दुई र घाइते भएका १२ जनालाई उपचारै नगरी इँटाभट्टाको आगोमा हालिएको सुन्दै आङ सिरिङ हुने घटना काँग्रेस नेता अफताव आलमले गराएको भन्दै प्रहरीले पक्राउ गर्नु र उनी विरुद्ध मुद्धा चल्नु र भर्खरै पार्टी सभापति शेरबहादुर देउवाले भक्तपुरको एक प्रशिक्षण कार्यक्रममा आलमलाई चोख्याउने प्रयास गुर्न नेपाली राजनीतिमा दुर्भाग्यपूर्ण नै मान्नुपर्छ ।

हत्या, अपराध, भ्रष्टाचारका साथै जनमानसमा गन्हाउँदै गएका जनप्रतिनिधिका कारण नै लोकतन्त्र र गणतन्त्र दुबै चक्रव्यूहा फस्ने र राष्ट्रियताको जग पनि साथसाथै हल्लिदै जाने खतरा हामीमाझ आइपुग्नै लागेको छ । संभावित दुर्भाग्यपूर्ण घटनालाई टार्नका लागि सरकार र संसदसँग समय पनि छैन कि जस्तो आभाष मिल्न थालेको छ । प्रधानमन्त्री केपी ओली र पुष्पकमल दाहालका वीच सत्ता र



पार्टीको विषयमा केही खटपट शुरु हुनु शुभसंकेत होइन । दाहालले आफ्नै पार्टीका कार्यकर्ता र प्रतिकृयावादीका कारण गणतन्त्र खतरामा परिसकेको आदर्श छाँट्दै हिँड्नुले पनि संभावित दुभाग्यको संकेत गर्दैछ ।

भर्खरै सर्वोच्च अदालतले प्रदेश-१ बाहेकका अरु सबै प्रदेशका जनप्रतिनिधिले आफूखुसी कानून बनाएर तलब भत्ता लिएको र त्यस्तो कानुन संविधानसँग बाझिएको ठहर गर्दै प्रदेश कानुन खारेज गरिदिएको छ । राज्यको ब्रम्हलुट मच्याउँदै तलब भत्ता खाँदै आएका जनप्रतिनिधि भन्नेहरु सर्वोच्चको फैसलबाट विमुख भएका छन् । यसरी चारैतर्फ अविवेकी काम भइरहेको सरकार र संसदले स्पष्ट कानून बनाई जनप्रतिनीधिलाई छाडा छोड्नबाट रोक्नुपर्दछ तव मात्र लोकतान्त्रिक गणतन्त्र सुरक्षित रहन सक्दछ । र गणतन्त्रमा ग्रहण लाग्न सक्दैन ।

# शंकाको घेरामा राजपाको महाधिवेशन

**– रानी शर्मा तिवारी**

निवर्तमान सभामुख कृष्णबहादुर महराको विषयमा आएका विषय मुलुककै लागि दुर्भाग्यपूर्ण हो । यसबारे अहिलेसम्म सत्यतथ्य बाहिर आएको छैन । घटनाको सत्यतथ्य बाहिर आउनुपर्छ । यदि महिला पीडित हुन् भने उनले न्याय पाउनुपर्छ । तर, पीडित हो कि होइन अहिलेसम्म स्पष्ट भएको छैन । घटनाको अनुसन्धान नभइकन कसैलाई दोषी मान्न सकिन्न । आरोप लगाउने महिलाले विभिन्न किसिमका बयान दिइरहनु भएको छ । कहिले भन्नुहुन्छ दुर्व्यवहार भयो, कहिले भन्नुहुन्छ त्यस्तो भएकै होइन । ती महिला आफू डिप्रेशनको शिकार भएको पनि भन्नुहुन्छ । यसरी कसैको चरित्र हत्या गर्नु पनि गलत हो । उहाँले आफ्नो बयान फेर्नुहुन्छ भने के कारणले हो, त्यो पनि बाहिर आउनुपर्छ ।

प्रहरीमा उजुरी हालेर फेरि बयान फेर्नु अच्चम्म नै हो । अर्कोतिर फेरि त्यस्तो घटना भएकै होइन भन्नुहुन्छ । यदि हो भने उहाँले न्याय पाउनुपर्छ । अब उहाँले आफ्नो बोली किन फेर्नुभयो यसको बारेमा प्रहरीले सूक्ष्म अनुसन्धान गर्नुपर्छ । यदि यस्तो घटना भएकै हो भने नेपालकै लागि दुर्भाग्यपूर्ण कुरा हो ।

अब परीक्षाको घडी नेपाल कम्युनिष्ट पार्टी र सुरक्षा निकायका लागि पनि हो । सभामुखका लागि राजपाको कुनै दाबेदारी छैन । यस विषयमा अहिलेसम्म राजपाको कुनै निर्णय भएको छैन । पहिला पनि राजपालाई सभामुखको पद दिइरहेको थियो तर, राजपाले लिन मानेन ।

महाधिवेशनको तयारी जुन गतिमा हुनुपर्ने हो, त्यसरी भइरहेको छैन । तर, भइरहेको छ । अहिलेसम्मको तयारी हेर्दा हामी नै दोधारमा छौं । हामीलाई पनि शंका लागिरहेको छ कि तोकिएकै मितिमा महाधिवेशन हुन्छ । अहिले पनि वर्षात्को मौसम छ, त्यसले गर्दा अलिकति अप्ठ्याराहरू भइरहेको छ । केही दिन पहिला बाढीले गर्दा मधेशमा ठूलो क्षति भयो, त्यसले गर्दा पनि काम गर्न सक्ने वातावरण थिएन । अहिले चाडपर्व सुरू भइसक्यो । त्यसले गर्दा अलिकति समयानुकूल भइरहेको छैन । गर्नै खोज्यो भने असम्भव केही

**सबै वैचारिक स्वतन्त्रता हो, सबैले आआफ्ना धारणा राख्न पाउँछन् । हाम्रो मुख्य उद्देश्य पहिला महाधिवेशन नै हो, यदि महाधिवेशनभन्दा पहिला एकता हुने वातावरण बन्यो भने हुन पनि सक्छ । एकीकरणपछि पनि महाधिवेशन गर्दा राम्रो हुन्छ । महाधिवेशन गरिसकेपछि पनि एकता हुँदा केही बिग्रिँदैन ।**

पनि होइन । हिजो पनि ६ वटा दल मिलेर राजपा बनेको हो । त्यसैले, सबै मिलेर लाग्यो भने निर्धारित मितिमै महाधिवेशन असम्भव छैन ।

नेतृत्वपंक्तिबाट अहिलेसम्म निर्देशन आइरहेकै छ । समयमै महाधिवेशन गर्नुपर्छ भन्ने भनाई सबैको छ । पार्टीले निर्देशन दिने हो, काम गर्ने कार्यकर्ताहरूले नै हो । मधेशमा भएका केही समस्याहरूका कारण महाधिवेशन तयारीमा ढिलासुस्ती देखिएको छ । त्यसैले, महाधिवेशन नहुने टुंगोमा हामी पुगिसकेका छैनौं । हामी सबैले आँट्यौं भने महाधिवेशन सफल बनाउन सक्छौं । सबै कुराहरू महाधिवेशनबाट नै टुंगिन्छन् । महाधिवेशनपछि नयाँ कमिटीहरू गठन हुन्छ । त्यसपछि समस्याहरू रहँदैन । पार्टीभित्र त्यस्तो समस्या पनि छैन ।

कुनै पार्टीसँग एकताको चर्चा चल्दा स्वाभाविकरूपमा त्यसले केही न केही प्रभाव पार्छ । एकीकरण गर्ने छलफल भइरहँदा महाधिवेशन तयारीमा केही शिथिलता आएकै हो । एकताको कुरा चल्दै गर्दा महाधिवेशनको तयारी छोड्नु हुँदैन । एकीकरण आवश्यकता हो, हुनुपर्छ । तर, एकीकरणकै नाममा महाधिवेशन वा अन्य कुनै पनि गतिविधि ठप्प गरेर राख्नु उचित होइन ।

राजपाको प्राथमिकतामा महाधिवेशन नै हो । महाधिवेशन हामीले तय गरेको कार्यक्रम हो, गर्नुपर्ने हाम्रो आवश्यकता हो । महाधिवेशनपछि पनि एकीकरण गर्दा फरक पर्दैन । महाधिवेशन भनेको हाम्रो पूर्वघोषित कार्यक्रम हो । त्यो तहत हामीले महाधिवेशन गर्नुछ । एकीकरणका लागि छलफल भइरहेको छ ।

सबै वैचारिक स्वतन्त्रता हो, सबैले आआफ्ना धारणा राख्न पाउँछन् । हाम्रो मुख्य उद्देश्य पहिला महाधिवेशन नै हो, यदि महाधिवेशनभन्दा पहिला एकता हुने वातावरण बन्यो भने हुन पनि सक्छ । एकीकरणपछि पनि महाधिवेशन गर्दा राम्रो हुन्छ । महाधिवेशन गरिसकेपछि पनि एकता हुँदा केही बिग्रिँदैन ।

पार्टी एकीकरण गर्नु र सरकार छुट्टाछुट्टै विषय हो । समाजवादी सरकार हुँदा राजपा पनि सरकारमा जानुपर्छ भन्ने छैन । सरकारबाट बाहिर आएपछि एकीकरण गर्ने शर्त हामीले पहिला समाजवादी सामु राखेका थियौं ।

राजपा सरकारमा जाँदैन भन्ने हाम्रो निर्णय छ अनि यही अवस्थामा एकता हुँदा आधा पार्टी सरकारमा र आधा बाहिर हुँदैन । सरकारमा नजाने हाम्रो निर्णय हो ।

हामीले सरकारलाई दबाब दिनका लागि सरकारमै जानुपर्दैन । अहिले पनि राजपासँग सरकारलाई दबाब दिने शक्ति छ ।

हामीले पनि संविधान संशोधनका लागि यतिका दिनसम्म यो सरकारलाई समर्थन गरेका थियौं । तर, संशोधन गर्ने कुनै छाँटकाँट नदेखिँदा समर्थन फिर्ता लिन बाध्य भयौं । ओली सरकारले हाम्रो विश्वास गुमाइसकेको छ । यो सरकारले संशोधन गर्नेमा कसरी विश्वास गर्ने ? संशोधन गर्ने हो भने हामी जहिले पनि यो सरकारलाई समर्थन गर्न सक्छौं । तर, जहिले पनि यो सरकारलाई हामीलाई झुक्याउने मात्र काम गरिरहेको छ । उपेन्द्र यादवजी पनि संशोधन गराउनका लागि सरकारमा छौं भन्नुभएको छ । उहाँ सरकारमा गएको एक वर्षभन्दा बढी समय भइसक्यो, संशोधनको प्रक्रिया पनि सुरू भएको छैन । प्रदेश २ मा चार वटा पार्टी छन्, त्यसैले सबै पार्टीको आआफ्नै धारणा हुनु स्वाभाविक हो । नामाकरण टुंगो लगाउनका लागि प्रदेश सरकारसँग दुई तिहाई नभए पनि लगभग सबैको सहमति जुट्न थालेको छ । मधेश प्रदेशमा धेरै सांसदहरूको सहमति छ । यस विषयमा कांग्रेस र नेकपाका सांसदहरूलाई पनि हामीले विश्वास लिइरहेका छौं ।

अवश्य पनि प्रदेश २ को नाम मधेश प्रदेश नै हुन्छ । किनकि कांग्रेस र नेकपाका सांसदहरू पनि मधेश प्रदेशमा कन्भिन्स भइरहेका छन् । केन्द्रमा बस्ने नेताजीहरूले बुझ्नु भएको छैन होला तर, यहाँका सांसदहरूले मधेशी जनताको भावनालाई बुझ्नुहुन्छ । मधेशी जनताको भावना बुझेर कांग्रेस र नेकपाका सांसदहरूले मधेश प्रदेशलाई अवश्य पनि स्वीकार गर्नुहुन्छ । *उपाध्यक्ष, राजपा नेपाल ( कुराकानीको अंश) (मधेश दर्पण फिचर सेवा)*

मंगलमय शुभकामना

विजया दशमी, दिपावली, छठ पर्व, नेपाल सम्वतको पावन अवसरमा हाम्रा समस्त शुभचिन्तक तथा दाजुभाई, दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि सहीत हाम्रो हार्दिक मंगलमय शुभकामना

मोहन विश्वकर्मा

अध्यक्ष

नेपाल सुनाचाँदी व्यवसायी महासंघ

# राष्ट्रपति सीको राजकीय भ्रमणले नेपाल-चीन सम्बन्ध नयाँ युगमा प्रवेश

काठमाडौं । राष्ट्रपति विद्यादेवी भण्डारीको मैत्रीपूर्ण निमन्त्रणामा जनवादी गणतन्त्र चीन स्थापनाको ७०औँ वार्षिकोत्सवको अवसर पारेर चिनियाँ राष्ट्रपति सी चिनफिङबाट भएको नेपालको दुईदिने राजकीय भ्रमणबाट दुई मुलुकबीचको सम्बन्ध नयाँ युगमा प्रवेश गरेको छ । यो भ्रमण दुई मुलुकबीच मैत्रीपूर्ण सहयोगको इतिहासमा महत्वपूर्ण कोशेढुङ्गा सावित भएको दुवै देशले ठहर गरेका छन् ।

भ्रमण सम्पन्न भएपछि दुई मुलुकले आज जारी गरेको एक संयुक्त विज्ञप्तिमा यस अवधिमा राष्ट्रपति सीले नेपाली समकक्षी विद्या भण्डारी तथा प्रधानमन्त्री केपी शर्मा ओलीसँग भेटवार्ता गर्नुभएको, राष्ट्रपति भण्डारीले आयोजना गर्नुभएको रात्रिभोजमा सरिक हुनुभएको र न्यानो तथा सौहार्दपूर्ण वातावरणमा दुई मुलुकका नेताहरु आपसी सम्बन्ध तथा चासोका क्षेत्रीय र अन्तरराष्ट्रिय मुद्दामा गहन दृष्टिकोण आदान प्रदान गरी व्यापक समझदारीमा पुग्नुभएको उल्लेख गरिएको छ ।

"दुई मुलुकबीच सन् १९५५ मा कूटनीतिक सम्बन्ध स्थापना भएपछि यस सम्बन्धले अन्तर्राष्ट्रिय परिस्थितिमा परिवर्तन भोगेको, निरन्तर तथा स्वस्थ्य ढङ्गले विकास प्राप्त गरेको र विभिन्न आकारका दुई मुलुकबीच शान्तिपूर्ण सहअस्तित्वका नमूना प्रस्तुत गरेको भनी दुवै पक्षले सन्तुष्टि व्यक्त गरेका छन् । दुवै पक्षले दुई मुलुकबीच दुई पक्षीय सम्बन्ध समानता, सौहार्द्रपूर्ण, सहअस्तित्व र निरन्तर मित्रता र एकीकृत सहयोगका रुपमा चित्रित गर्न सकिने भनी स्वीकार गरेका छन्", विज्ञप्तिमा भनिएको छ ।

नेपाल तथा चीनले क्षेत्र तथा मार्ग प्रयास (बेल्ट एण्ड रोड इनिसिएटिभ) लाई सबै क्षेत्रमा एकीकृत रुपमा आपसी फाइदाका सहयोगलाई गहन बनाउने, साझा समृद्धि प्राप्त गर्न संयुक्त रुपमा प्रयास गर्ने तथा यस क्षेत्रमा शान्ति, स्थायित्व तथा विकास कायम गर्न आफूलाई लागि पराउने महत्वपूर्ण अवसरको रुपमा लिएका छन् । नेपाल र चीनबीच दुई पक्षीय सम्बन्ध नयाँ चरणमा प्रवेश गरेको छ । दुवै पक्षले शान्तिपूर्ण सह अस्तित्वको पाँच सिद्धान्त, संयुक्त राष्ट्र सङ्घको घोषणापत्र, असल छिमेकका सिद्धान्तका साथै निरन्तर मित्रताका आधारमा विकास तथा समृद्धिका लागि नेपाल चीनबीच रणनीतिक र एकीकृत साझेदारी कायम गर्ने निर्णय गरेका छन् ।

"दुवै पक्षले एकअर्काको स्वतन्त्रता, सार्वभौमसत्ता र क्षेत्रीय अखण्डतालाई सम्मान गर्ने तथा एकअर्काको चासो एवं मूल अभिरुचिलाई सम्मान गर्ने कुरामा सहमति व्यक्त गरेका छन् । दुवै पक्षले असल छिमेकका नीतिलाई पालना गर्दै आपसी फाइदा प्राप्त गर्न तथा मिलेरै स्थिरता तथा विकासका लागि प्रयास गर्न सहविजेताका रुपमा समग्र सहयोगलाई गहन बनाउने छन", विज्ञप्तिमा भनिएको छ ।

नेपाली पक्षले एक चीन नीतिप्रति दृढ वचनबद्धता तथा ताइवान चिनियाँ क्षेत्रको अविच्छिन्न भाग भएको, तिब्बत मामिला चीनको आन्तरिक विषय भएको र आफ्नो भूमिमा चीन विरोधी गतिविधि हुन नदिने दृढता दोहोऱ्याएको छ । चिनियाँ पक्षले मुलुकको स्वतन्त्रता, सार्वभौमसत्ता, क्षेत्रीय अखण्डता कायम गर्न नेपाललाई दृढ सहयोग गर्ने तथा नेपालको राष्ट्रिय परिस्थितिमा स्वतन्त्रतापूर्ण छनोट गरिएको नेपालको सामाजिक प्रणाली तथा विकासका मार्गलाई दृढ सहयोग तथा सम्मान गर्ने दृढता दोहोऱ्याएको छ ।

चिनियाँ पक्षले नेपाललाई ऐतिहासिक तथा युगान्तकारी राजनीतिक सङ्क्रमण तथा उसको द्रुत आर्थिक तथा सामाजिक विकासका लागि बधाई व्यक्त गरेको छ । उसले नेपाली जनता एकबद्ध भएर 'समृद्ध नेपाल, सुखी नेपाली'को राष्ट्रिय आकाङ्क्षा साकार गर्नेतर्फ अगाडि बढ्नेछन् र यसबाट राजनीतिक स्थिरता, सामाजिक समन्वय तथा द्रुत आर्थिक विकास प्राप्त हुने विश्वास गरेको छ । शासन व्यवस्थाका अनुभवमा नेपाली पक्षसँग निरन्तर अन्तरक्रिया गर्न चिनियाँ पक्षले चाहना व्यक्त गरेको छ, विज्ञप्तिमा उल्लेख गरिएको छ ।

नेपाली पक्षले जनवादी गणतन्त्र चीन स्थापनाको ७०औँ वार्षिकोत्सवका अवसरमा बधाई ज्ञापन गरेको छ । बितेका ७० वर्षको अवधिमा विकासका क्षेत्रमा चीनले हासिल गरेको आश्चर्यजनक प्रगतिको सराहना गरेको छ । नेपालले राष्ट्रपति सी चिनफिङको नेतृत्वमा चिनियाँ प्रकृतिको समाजवादमार्फत नयाँ युगमा प्रवेश होस् र चिनियाँ जनताले दुई शताब्दीको विकास लक्ष्य प्राप्त गर्न प्रयास गरी चीनलाई महान्, आधुनिक-सामाजिक, समृद्ध, बलियो, प्रजातान्त्रिक, सांस्कृतिकरुपमा आधुनिक, समन्वयपूर्ण तथा सुन्दर मुलुक बनाउन सकुन् भन्ने हार्दिक कामना गरेको छ ।

दुवै पक्षले दुईपक्षीय सम्बन्ध विकासका लागि उच्चस्तरीय सम्पर्क विशेष महत्वपूर्ण भएको बुझेका छन् । दुवै पक्षले उच्चस्तरीय भ्रमणको गति कायम गर्न, आपसी विश्वास गहन बनाउन, मन्त्रालय, विभाग, संसद् तथा राजनीतिक दलका सबै तहमा भ्रमण आदानप्रदान तथा सहयोग विस्तार गर्न सहमति व्यक्त गरेका छन्, विज्ञप्तिमा भनिएको छ ।

नेपाललाई अति कम विकसित मुलुकबाट स्तरोन्नति गरी सन् २०३० सम्ममा मध्य आययुक्त मुलुक बनाउने तथा दिगो विकासका लक्ष्य प्राप्त गर्ने नेपालको विकासका 'एजेण्डा'लाई महत्वपूर्णरुपमा सहयोग गर्न हिमालयपार बहुआयामिक सम्पर्क सञ्जाल संरचनाभित्र बन्दरगाह, सडक, रेलमार्ग, हवाई यातायात तथा सञ्चारजस्ता महत्वपूर्ण संरचना विस्तार गर्न 'बेल्ट एण्ड रोड इनिसिएटिभ'अन्तर्गत सहयोगका लागि सझदारीपत्रलाई गहनरुपमा कार्यान्वयन गर्न दुवै पक्ष सहमत भएका छन् ।

सन् २०१८ को जुन २१ मा दुई मुलुकबीच हस्ताक्षर भएको 'रेलमार्ग परियोजनामा सहयोग' विषयक सहमतिपत्रलाई स्मरण गर्दै दुवै पक्षले अन्तरसीमा रेलमार्ग निर्माण गर्ने कार्य आरम्भ गर्न महत्वपूर्ण जग राख्ने सन् २०१९ को अक्टोबर १३ मा भएको सहमतिपत्रमा उल्लेख गरिएको सम्भाव्यता अध्ययन गर्ने सहमति व्यक्त गरेका छन् । दुवै पक्षले काठमाडौँ-पोखरा-लुम्बिनी रेलमार्ग परियोजनामा सहयोग विस्तार गर्ने आफ्नो प्रतिबद्धता दोहोऱ्याएका छन् ।

दुवै पक्षले झाङ्मु/खासा बन्दरगाहको ढुवानी कार्यलाई पुनःखोल्ने तथा पुनःस्थापना गर्ने कामलाई स्वागत गर्दै जिलोङ/केरुङ बन्दरगाहको कामलाई अधिकतम बनाउनेछन् तथा लिजी/नेचुङ बन्दरगाहलाई सकेसम्म छिटो समयमा खुला गर्नेछन् र सीमाको नेपाली भागमा आवश्यक आधारभूत संरचना निर्माण गर्नेछन् ।

दुवै पक्षले माल ढुवानीका लागि चीनको तिब्बतमा नेपालले राजमार्ग उपयोग गर्नेसम्बन्धी प्रोटोकल तथा पारगमन यातायातसम्बन्धी समझौताको प्रोटोकल कार्यान्वयनलाई निरन्तर दिनेछन् । अरनिको राजमार्गको दीर्घकालीन सञ्चालनलाई कायम राख्ने आधारमा दुवै पक्षले चरणबद्धरुपमा प्राथमिकताका आधारमा राजमार्गको सुधारीकरण तथा पुनःनिर्माणमा सहयोग गर्ने सहमति गरेका छन् । स्याफ्रुबेंसी-रसुवागढी राजमार्ग मर्मत आरम्भ गर्न चिनियाँ पक्षले आफ्नो तत्परता व्यक्त गरेको छ", विज्ञप्तिमा भनिएको छ ।

दुई मुलुकबीच सम्पर्कको स्तर विस्तार गर्नुपर्ने महत्व अनुभव गर्दै दुवै पक्षले जिलोङ/केरुङदेखि काठमाडौँसम्मको मार्गमा सुरुङ निर्माण गर्ने सम्भाव्यता अध्ययन गर्ने कुरामा सक्रियतापूर्वक सहयोग गर्न सहमति जनाएका छन् । कोशी राजमार्गको किमाथाङ्का-लेगुवाघाट भागको निर्माणका लागि नेपाली पक्षले गरेको अनुरोधलाई चिनियाँ पक्षले नोट लिएको छ तथा भविष्यको सहयोग योजनामा यस परियोजनामा विचार गर्न सहमति व्यक्त गरेको छ र नेपाली पक्षलाई यसको विस्तृत प्रस्ताव प्रस्तुत गर्न आग्रह गरेको छ", विज्ञप्तिमा भनिएको छ ।

दुवै पक्षले रोजगारी सिर्जना गर्न, स्थानीय जीविका सुधार गर्न तथा आर्थिक वृद्धि तथा विकासका लागि कोशी आर्थिक करिडोर, गण्डकी आर्थिक करिडोर तथा कर्णाली आर्थिक करिडोरका रुपमा रहेको उत्तर-दक्षिण करिडोरको विकास गर्न सन् २०१८ को जुन २१ मा बेइजिङमा जारी भएको संयुक्त विज्ञप्तिमा उल्लेख गरिएको विषयमा सम्भाव्यता अध्ययन गर्ने कार्यलाई अगाडि बढाउने कुरा दोहोऱ्याएका छन् ।

चिनियाँ पक्षले रेलमार्ग, सडक तथा सुरुङ इञ्जिनीयरिङका साथै आन्तरिक जलमार्ग तथा 'सिपिङ'का क्षेत्रमा नेपाली प्राविधिक मानवीय स्रोतलाई तालीमका लागि सहयोग उपलब्ध गराउनेछ । थप प्रत्यक्ष हवाई सेवा आरम्भ र सञ्चालनका लागि अभिप्रेरित गर्न दुवै पक्षका वायुसेवाका लागि संरचनाभित्र आफ्ना हवाई अधिकार विस्तार गर्ने विषयमा दुवै मुलुकका नागरिक उड्डयन अधिकारीहरुले मतैक्यता व्यक्त गरेकामा दुवै पक्षले स्वागत गरेका छन् । छिटो समयमा पोखरा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालन गर्न सकियोस् भनी यसको निर्माणलाई गति दिन दुवै पक्षले नजिकमा समन्वय गर्नेछन् ।

नेपाल चीन सीमापार अप्टिकल फाइबर केबलको सफल व्यापारिक सञ्चालन भएकामा दुवै पक्षले सन्तुष्टि व्यक्त गरेका छन् र आपसी फाइदाका लागि सूचना तथा सञ्चारका क्षेत्रमा सहयोग थप बलियो बनाउन सहमति व्यक्त गरेका छन् ।

आपसी विकास प्रवर्द्धन गर्न व्यापार, पर्यटन, लगानी, उत्पादनको क्षमता तथा जनताको जीवनस्तर सुधार्न अर्थतन्त्रका विभिन्न क्षेत्रमा सहयोग बलियो बनाउन दुवै पक्ष सहमत भएका छन् ।

दुईपक्षीय लगानी तथा व्यापारमा सहयोग गर्न अर्थतन्त्र तथा व्यापारका क्षेत्रमा नेपाल-चीन संयुक्त आयोगको संरचनाभित्र दुवै पक्षले लगानी सहयोग तथा व्यापारमा सचिव/उपमन्त्रीस्तरका अधिकारी वा उनीहरुले तोकेका अधिकारीको नेतृत्वमा एक/एक कार्य समूह गठन गर्नेछन् । चिनियाँ पक्षले नेपाली पक्षलाई सन् २०१९ को नोभेम्बरमा साङ्घाइमा आयोजना हुने दोस्रो चीन अन्तर्राष्ट्रिय आयातसम्बन्धी राष्ट्रिय प्रदर्शनीमा भाग लिन स्वागत गरेको छ ।

दुई मुलुकबीच व्यापार सम्बन्ध बलियो बनाउने दृष्टिकोणले दुवै पक्षले एकीकृत छलफल आयोजना गर्नेछन् । चीनमा नेपाली निर्यातलाई विस्तार गर्न चिनियाँ पक्षले सकारात्मक उपाय अवलम्बन गर्नेछ । नेपालमा बहुउपयोगी प्रयोगशाला स्थापना गर्न प्राविधिक सहयोग उपलब्ध गराउन तथा तातोपानी लार्चास्थित सीमा निरीक्षण केन्द्रलाई काम गर्नसक्ने बनाउन चिनियाँ पक्षले विचार गर्नेछ । नेपालले दुई मुलुकबीच व्यापार तथा लगानीलाई सहयोग उपलब्ध गराउने दृष्टिकोणले नेपालमा चिनियाँ बैंकका शाखा तथा अन्य वित्तीय सेवा खोल्न सहयोग गर्नेछ । पारवहन यातायात सम्झौताको प्रोटोकललाई सकेसम्म छिटो कार्यान्वयन गर्न दुवै पक्षले आफ्नो आन्तरिक प्रक्रिया पूरा गर्नेछन् र यसलाई सकेसम्म छिटो कार्यान्वयन गर्न प्रयास गर्नेछन् ।

दुवै देशले नेपालका अमिलो वर्गका फलफूल चीन निर्यात गर्नेसम्बन्धी फाइटोस्यानेटरी (वनस्पति स्वच्छता)को आवश्यकतासम्बन्धी प्रोटोकलमा हस्ताक्षर भएकोमा स्वागत गरेका छन् । साथै दुवै पक्षले चाँडोभन्दा चाँडो खाद्यसुरक्षासम्बन्धी आयातनिर्यात सहयोग समझदारीलाई निष्कर्षमा पुऱ्याउन सहमति जनाएका छन् ।

दुवै पक्षले उत्पादन क्षमता तथा लगानी उद्योग उपक्रम प्रमुखताका सिद्धान्तका आधारमा निरन्तरता दिन तथा व्यापारका सिद्धान्तको पूर्णपालना र अन्तर्राष्ट्रिय साझा अभ्यास, बजार प्रवर्द्धनका सिद्धान्तको परिपालनालाई निरन्तरता दिनेछन् ।

नेपालको ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय र चीनको राष्ट्रिय ऊर्जा प्रशासनबीच सन् २०१८ को जुन २१ तारिखमा भएको ऊर्जा सहयोगसम्बन्धी समझदारीपत्रका आधारमा जलविद्युत, वायुऊर्जा, सौर्यऊर्जा, जैविक इन्धन र सबै किसिमका नयाँ ऊर्जा ग्रीड प्रणालीमा सहयोग आदानप्रदान गर्न दुवै पक्षले नेपाल-चीन ऊर्जा सहायतासम्बन्धी संयुक्त कार्यान्वयन संयन्त्रलाई पूर्णरुपमा सक्रिय तुल्याउने भएका छन् । दुवै देश नेपाल-चीन विद्युत् ऊर्जा सहयोग योजनालाई एक वर्षभित्र संयुक्तरुपमा पूरा गर्न सहमत भएका छन् । यो योजनालाई दुईपक्षीय विद्युतीय ऊर्जा सहयोग प्रवर्द्धन तथा कार्यान्वयनका निम्ति मार्गदर्शकका रुपमा स्वीकार गर्न पनि दुवै पक्ष सहमत भएका छन् । नेपालको विकास प्रयासमा चिनियाँ पक्षले गरेको सहयोगको सराहना तथा २०७२ सालको भूकम्पपछि तत्काल खुला हृदयले स्वस्फूर्तरुपमा गरेको सहयोगको नेपाली पक्षले मुक्तकण्ठले प्रशंसा गरेको छ ।

नेपालको सामाजिक-आर्थिक विकासका लागि आफ्नो क्षमताअनुसार चीन सरकारले निरन्तर सहयोग गर्नेछ । उक्त सहयोगले नेपाली जनताको जीवनयापन सुधारका क्षेत्रमा जोड दिनेछ ।

स्वर्गीय जननेता मदन भण्डारीको सम्मानमा बहुविषय अध्यापन हुने मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय स्थापना गर्नेसम्बन्धी नेपालको आकाङ्क्षालाई चिनियाँ पक्षले उच्च महत्व दिएको छ । उक्त विश्वविद्यालयका लागि नेपाल सरकारले उपयुक्त स्थान निर्धारण गरेपछि चीनले चाँडोभन्दा चाँडो सहयोग गर्नेछ । विश्वविद्यालय निर्माणसम्बन्धी चिनियाँ कार्यदलको प्रतिवेदशनका आधारमा दुवै देशले विचारविमर्श गर्नेछन् ।

काठमाडौं उपत्यकामा खानेपानी आपूर्तिको गुणस्तर सुधार्ने परियोजनालाई द्रुतगतिमा अघि बढाउन चिनियाँ पक्षले तत्परता देखाएको छ ।

नेपालको हिमाली क्षेत्रमा छरिएर रहेका बस्तीलाई एकीकृतरुपमा विकास गर्ने नेपालको प्रस्तावलाई चिनियाँ पक्षले भावी योजना कार्यान्वयन गर्ने सन्दर्भमा जानकारीमा लिएको छ । नेपालको उक्त प्रस्तावप्रति चीनले आफ्ना अनुभव आदानप्रदान र सहयोग गर्ने इच्छा प्रकट गरेको छ ।

नेपाल र चीनबीचको अनन्तकालसम्म रहिरहने मैत्रीको प्रतीकका रुपमा रहेको सगरमाथा शिखरलाई स्वीकार गर्दै दुवै पक्षले जलवायु परिवर्तन तथा पर्यावरण संरक्षणका क्षेत्रमा सहयोग प्रवर्द्धन गर्ने भएका छन् । दुवै देशले सगरमाथाको वैज्ञानिक अनुसन्धान गरेर त्यसको उचाई संयुक्तरुपमा घोषणा गर्नेछन् ।

सीमा व्यवस्थापन प्रणालीसम्बन्धी सम्झौतामा हस्ताक्षर भएकामा दुवै देशले सन्तोष व्यक्त गरेका छन् । यसबाट दुवै देशबीच सीमा व्यवस्थापन सहयोग गर्न् मद्दत पुग्नेछ । आपराधिक गतिविधिसम्बन्धी पारस्परिक कानूनी सहायतासम्बन्धी सन्धिमा हस्ताक्षर भएकामा पनि दुवै देशले सन्तोष व्यक्त गरेका छन् । साथै दुवै पक्षले उक्त सन्धिबाट चाँडोभन्दा चाँडो प्रत्यर्पण सन्धि टुङ्ग्याउन मार्गप्रशस्त हुने आशा व्यक्त गरेका छन् । कानून कार्यान्वयन निकायबीच सूचना आदानप्रदान, क्षमता अभिवृद्धि तथा प्रशिक्षणमा सहयोग सुदृढ गर्न नेपाल र चीनले सहमति जनाएका छन् । आगामी तीन वर्षसम्म चीनले १०० जना नेपाली कानून कार्यान्वयन गर्ने अधिकारीलाई प्रशिक्षणको अवसर प्रदान गर्नेछ । उक्त प्रशिक्षणमा वर्षेनी १०० जना नेपाली सहभागी हुनेछन् । सुरक्षा क्षेत्रमा सहयोग अभिवृद्धि गर्ने सन्दर्भमा दुवै देशका सुरक्षा अधिकारीबीच भ्रमणको आदानप्रदान, संयुक्त अभ्यास तथा तालीम, विपत्ति रोकथाम तथा न्यूनीकरण र कर्मचारी तालीम आयोजना हुनेछन् ।

दुवै पक्ष शिक्षा, संस्कृति, पर्यटन, परम्परागत उपचार पद्धति, आमसञ्चार विद्वत्वर्ग, युवा आदानप्रदानका क्षेत्रमा सहयोग प्रवर्द्धन गर्न सहमत भएका छन् । चिनियाँ पक्षले १०० जना नेपालीलाई कन्फ्युसस प्रतिष्ठानमा छात्रवृत्ति प्रदान गर्नेछ । नेपाल भ्रमण वर्ष २०२० लाई सफल तुल्याउन चीनले सहयोग गर्नुका साथै नेपाली पक्षलाई चीनमा आयोजना हुने यात्रा मेलामा स्वागत गर्ने तत्परता व्यक्त गरेको छ । चीनले आफ्नो भूमिमा नेपालको पर्यटन प्रवर्द्धनमा सहजकर्ताको भूमिका निर्वाह गर्नेछ । चिनियाँ पक्षले नवौं चीन महोत्सव तथा चौथो काठमाडौं सांस्कृतिक मञ्च आयोजना गरेर नेपालमा चिनियाँ सांस्कृतिक केन्द्र र कन्फ्युसस प्रतिष्ठानले नेपाल-चीन संस्कृति प्रवर्द्धनमा प्रोत्साहन गर्नेछन् । नेपालको काठमाडौं र चीनको नान्जिङ तथा बुटवल उपमहानगरपालिका र चीनको सियाननगरले मैत्रीपूर्ण सम्बन्ध स्थापना गरेकामा दुवै पक्षले त्यसको स्वागत गरेका छन् ।

सिचुवान प्रान्तको छेन्दुमा नेपालको महावाणिज्य दूतावास स्थापना गर्ने नेपालको प्रस्तावप्रति चिनियाँ पक्षले सहमति जनाएको छ ।

नेपाल-चीनबीच विद्यमान विभिन्न संयन्त्रहरुलाई पुनर्गति दिन तथा पारस्परिक लाभ र सहयोगका क्षेत्रलाई थप सुदृढ तुल्याउन दुवै पक्षले सहमति जनाएका छन् ।

संयुक्त राष्ट्रसङ्घ तथा अन्य बहुपक्षीय मञ्चहरुमा सहकार्य गर्न तथा विकासोन्मुख देशका साझा चासोका विषयको रक्षा गर्न दुवै देश सहमत भएका छन् । क्षेत्रीय मुद्दाहरुमा सहकार्य र सहयोग अभिवृद्धि गर्ने सम्बन्धमा दुवै पक्षले फलदायी विचार आदानप्रदान गरेका थिए । दुवै देशले बहुपक्षीय व्यापार प्रणाली तथा आर्थिक भूमण्डलीकरणका साझा लाभ तथा समावेशी एवं सन्तुलित हुनुपर्नेमा दृढ प्रतिबद्धता व्यक्त गरेका छन् ।

चीन स्थापनाको ७०औँ वार्षिकोत्सवको ऐतिहासिक अवसरमा राष्ट्रपति सीबाट भएको नेपालको राजकीय भ्रमणलाई दुवै पक्षले उच्च स्थान दिएका छन् भने यो भ्रमणबाट नेपाल-चीन सम्बन्ध नवयुगमा प्रवेश गरेको छ । राष्ट्रपतिको यो भ्रमणबाट दुई देशबीचको मैत्रीपूर्ण सहकार्यमा महत्वपूर्ण उपलब्धि हासिल भएको छ । चिनियाँ पक्षले नेपाल सरकार र यहाँका जनताप्रति न्यानो आतिथ्य र मैत्रीपूर्ण स्वागतका निम्ति हार्दिक आभार व्यक्त गरेको छ ।

राष्ट्रपति सीले नेपालको नेतृत्व वर्गलाई नेपाल र चीनलाई अनुकूल हुने समयमा पुनःचीन भ्रमण गर्न हार्दिक निमन्त्रणा गर्नुभएको छ । त्यस निम्ति नेपाल र चीन कूटनीतिक माध्यमबाट निरन्तर सम्पर्कमा रहनेछन् ।

## पुष्पमेलामा ५० लाख भन्दा बढीको कारोबार

काठमाडौं । फ्लोरिकल्चर एसोसिएसन नेपाल (फ्यान) द्वारा आयोजित गोदावरी फूलको प्रतियोगितात्मक प्रदर्शनीमा लिएको लक्ष्यभन्दा बढीको कारोवार भएको छ ।

शुक्रवारदेखि ललितपुरको जावलाखेलस्थित खेल मैदानमा शुरु भएको १३ औ पुष्प मेलामा साढे ५६ लाख रुपियाँको कारोबार भएको छ । चारदिनसम्म चल्ने मेलामा ५० लाखको कारोबार गर्ने लक्ष्य लिएको थियो तर आइतवार तेस्रो दिनमा नै साढे ५६ लाख रुपियाँको कारोबार भएको फ्यानका महासचिव विष्णु पौडेलले जानकारी दिनुभयो ।

पहिलो दिन छ हजार पाँच सयजनाले अवलोकन गरेका थिए भने १२ लाख रुपियाँको कारोवार भएको थियो । शनिवार १५ हजारजनाले अवलोकन गरेका थिए, जसमा २५ लाख रुपियाँ बाराबरको कारोबार भएको थियो भने आइतवार १० हजारले मेला अवलोकन गरेका थिए भने साढे १९ लाख




रुपियाँको कारोबार भएको महासचिव पोखरेलले जानकारी दिनुभयो । सोमवार अन्तिम दिन कारोबार झनै बढ्ने अनुमान गरिएको उहाँले बताउँनु भयो । विगतको अनुभव हेर्दा अन्तिम दिन अवलोकनकर्ताहरु अलि बढी आउने गरेको र कारोवार पनि बढी हुने गरेको उहाँले बताउँनुभयो ।

प्रदर्शनीमा व्यावसायिक स्टल ४४, सूचनामूलक ४ र गोदावरी फूलका प्रतिस्पर्धात्मक प्रदर्शनी स्टल १ सहित कुल ४९ वटा स्टल रहेका छन् । यसवर्षको मेलामा विभिन्न मुलुकबाट माउबोटका रुपमा आयात गरी उत्पादन विस्तार गरिएका करिब १६ नयाँ प्रजातिका गोदावरी फूलसमेत प्रदर्शनीमा राखिएको महासचिव पोखरेलले जानकारी दिनुभयो ।

फ्यानले मेलामा सहभागी उत्कृष्ट नर्सरीलाई पुरस्कृत गरेको थियो । सम्झना नर्सरीले विभिन्न विधामा ४ वटा पुरस्कार प्राप्त गरेको छ । गोदावरीको प्रतियोगितात्मक प्रदर्शनीमा सम्झना नर्सरी पहिलो, टिपीआर मितेरी नर्सरी दोस्रो र टिटिआर वंगलामुखी नर्सरीले तेस्रो भएका थिए । त्यस्तै मिनियचरतर्फ अजिमा नर्सरी र कट्फलावरतर्फ सिर्जना कट फ्लावर नर्सरी पुरस्कृत भएका थिए ।

नेपालमा २०११ बाट सामान्य स्तरमा सुरु भएको पुष्प व्यवसायले आ.ब. २०७५/७६ सम्म आईपुग्दा सतसय भन्दा बढी पुष्प व्यवसायीहरुद्वारा यस व्यावसायीमा संलग्न रहेका छन् । यो व्यावसाय ४३ जिल्लामा विस्तार भएको छ । १५७ हेक्टर क्षेत्रफलमा पुष्प व्यवसाय भईरहेको जानकारी गराउँदै उहाँले यस व्यावसायमा ४३ हजार पाँचसय भन्दा बढी जना प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा संलग्न रहेका छन् ।

पुष्प मेलाको उद्घाटन कृषि तथा पशुपक्षी विकास मन्त्री चक्रपाणि खनालले गर्नुभएको थियो । मेलाको अवलोकनका लागि सर्वसाधरणदेखि लिएर विद्यार्थी, अनुन्धानकर्ता, किसान, उद्योगी, कुटनीति नियोगका प्रतिनिधिहरु, विभिन्न दलका नेता लगायतका व्यक्तित्वहरु आउनु भएको महासचिव पोखरेलले जानकारी दिनुभयो ।

## तत्काल सभामुख चयनको सम्भावना छैनः गुरुङ

काठमाडौं । सत्तारुढ दल नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का प्रमुख सचेतक देवप्रसाद गुरुङले तत्काल सभामुखको निर्वाचन हुने अवस्था नरहेको बताएका छन् ।

प्रमुख सचेतक गुरुङले एउटै दलको सभामुख र उपसभामुख हुन



नपाउने भन्दै सर्वोच्च अदालतमा दायर गरिएको मुद्दा विचाराधीन रहेकाले सभामुखको निर्वाचनबारे टीकाटिप्पणी गरिरहने नमिल्ने उनले बताए ।

यौन दूराचारको आरोप लागेपछि कृष्णबहादुर महराले सभामुख पदबाट राजीनामा दिएका छन् ।सोही पदका लागि निर्वाचन गर्न सर्वोच्च अदालतमा विचाराधीन मुद्दाले असहज बनाएको प्रमुख सचेतक गुरुङको भनाइ छ ।

आइतबार संवाद चौतारीले राजधानीमा आयोजना गरेको अन्तर संवाद कार्यक्रममा बोल्दै नेता गुरुङले सभामुखको निर्वाचन हुनका लागि उपसभामुखले राजीनामा दिनुपर्ने अवस्था रहेको पनि बताए ।

सभामुख र उपसभामुख दुवै पद खाली भए दलहरुबीच सहमतिको आधारमा उम्मेदवार तय गरेर निर्वाचन गर्न सकिने प्रमुख सचेतक गुरुङको भनाइ छ । 'संविधानले सभामुख र उपसभामुख दुई पद फरक/फरक दलको हुनुपर्ने व्यवस्था गरेको छ,' प्रमुख सचेतक गुरुङले भने, 'यस्तो अवस्थामा दुवै पद खाली नभई सभामुखको निर्वाचन गर्न मिल्दैन ।' प्रमुख सचेतक गुरुङले सभामुखको निर्वाचन गर्ने अवस्थानै नभएका बेला त्यसमा व्यक्तिले दावी गर्नुको कुनै औचित्य नरहेको पनि बताए ।

# बैंकमा खाता खोल्ने महिलाको संख्या ७३ लाख ३४ हजार, कुन प्रदेशमा कति ?

काठमाडौं । बैंक तथा वित्तीय संस्थाहरुले आफ्नो पहूँच मुलुकको सबै क्षेत्र र वर्गमा समावेशि तवरले पुर्याउन सकेका छैनन् । भौगोलिक तथा समाजिक विविधता कारणले पनि बैंकिङ पहूँचको समावेशिता नेपाल नभएको देखिएको छ । भौगोलिक र सामाजिक विविधता कै कारण वित्तीय पहुँच सबै क्षेत्रमा समान तवरले नभएता पनि पछिल्लो समय महिला र पुरुषमा भने वित्तीय पहूँचमा केही समानता आएको हो ।

पछिल्लो समयमा वित्तीय क्षेत्रमा नेपाली महिलाको पहुँच क्रमशः बढ्दै




गएको पाइएको छ । नेपालमा कूल २ करोड ७० लाख ६४ हजार २४५ जनसंख्या रहेको छ । जसमा १ करोड ७७ लाख ९० हजार ७८३ जना नेपालीको नाममा बैंकमा सक्रिय निक्षेप खाता खोलिएको राष्ट्र बैंकले जनाएको छ । नेपालमा वित्तीय पहुँच ६०.१ पुगेको तथ्यांक राष्ट्र बैंकले सार्वजनिक गरेको छ । जसमध्ये ४१.२२ प्रतिश महिला र ५८.७७ प्रतिशत पुरुषमा वित्तीय पहुँच पुगेको देखिएको छ । यसरी हेर्दा पछिल्लो समय वित्तीय समावेशितामा अपेक्षित प्रगति हुदैं गएको देखिन्छ ।

बैंकमा खोलिएका सक्रिय खाता मध्ये १ करोड ४ लाख ५६ हजार ६४७ वटा खाता पुरुष नामको हो भने ७३ लाख ३४ हजार १३६ वटा खाता महिलाको नामको हो । महिलाहरूमा वित्तीय पहुँच बढ्दा समाजमा महिलाहरु पनि पुरुष सो सरह आर्यआर्जनका काम गर्नुका साथै सामाजिक आर्थिक विभेद हट्दै जान्छ । नेपालमा रोजगारी र व्यवसायमा महिलाको कमजोर उपस्थिति रहेको विभिन्न तथ्यांकहरुले देखाउछ ।

आर्थिक उपार्जनका क्रियाकलापमा महिलाहरु पुरुष सो सरह सरिक भएता पनि वित्तीय प्रणालीमा आवद्ध नहुदाँ मुलुकको अर्थतन्त्रमा महिलाहरुको भुमिका कम देखिएको हो । यो विभेदलाई पुर्णरुपमा कम गर्न महिलाहरूमा पुरुष सरह वित्तीय पहुँच पुर्याउन जरुरी हुन्छ ।

महिलाको वित्तीय पहूँच प्रदेशगत रुपमा पनि उल्लेख्य रुपमा रहेको छ । प्रदेशगत रुपमा सबैभन्दा धेरै प्रदेश नम्बर ३ मा र सबै भन्दा थोरै प्रदेश नम्बर ६ कर्णाली प्रदेशका जनताको नाममा बैंक खाता रहेको छ । प्रदेश ३ मा ५६ लाख १३ हजार ८४६ जनसंख्या रहेको छ । जसमध्ये २६ लाख ३० हजार ९८२ वटा विभिन्न बैंकहरुमा महिलाहरुको सक्रिय खाताहरु रहेका छन् ।

यस्तै सबैभन्दा कम जनसंख्या तथा कम बैंकमा खाता खोलिएको कर्णाली प्रदेशमा विभिन्न बैंकहरुमा १५ लाख ३९ हजार ४०९ मध्ये २ लाख ७० हजार १०१ वटा सक्रिय खाता महिलाहरुको नाममा रहेको राष्ट्र बैंकले जनाएको छ । नेपालमा महिलाहरूमा वित्तीय पहुँच बढ्दै जादाँ महिला आर्थिक क्रियाकलापमा सक्रिय हुदैं गएको प्रष्ट हुन्छ ।

# एभरेष्ट बैंकले मनायो रजत जयन्ती

काठमाडौं । एभरेष्ट बैंकले २५औं स्थापना दिवसको अवसरमा १८ अक्टुबर, २०१९ मा लाजिम्पाटस्थीत आफ्नो प्रधान कार्यलयमा नर्भिक इन्टरनेशनल अस्पताल र नेपाल रेड क्रस सोसाइटीको सहकार्यमा विभिन्न संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रमहरुको आयोजना गरेको छ ।

बैंकले रक्तदान कार्यक्रम, निशुल्क स्वास्थ्य जाँच तथा नर्भिक अस्पतालका




डाक्टर यादव भट्टसँग टक सो सञ्चालन गरेको थियो । समारोहमा बोर्ड अफ डिरेक्टर, प्रमुख कार्यकारी अधिकृत तथा वरिष्ठ अधिकारीहरुको उपस्थीति रहेको थियो ।

१ हजारभन्दा बढि मानिसहरुको उपस्थीति रहेको उक्त कार्यक्रममा करिब १ सय जनाले रक्तदान गरेका थिए । सोही कार्यक्रममा, बैंकले स्थापनाकालदेखि नै सेवा पुर्याइरहेका कर्मचारीहरुलाई सम्मानित गरेको छ। यसबाहेक, सबै प्रदेशमा रहेको बैंकका शाखाहरुमा पनि पुराना ग्राहकहरुलाई सम्मान गर्दै केक काटेर २५ औं वार्षिकउत्सव मनाइएको छ ।

हालै बैंकले आफ्नो फराकिलो आन्तरिक सञ्जालमा रहेका ९४ शाखा कार्यलयहरु, ३० राजस्व संकलन केन्द्र, १२२ एटिएम तथा विश्वभरका करेश्पोन्डेटमार्फत व्यवसायिक र प्रभावकारी बैंकिङ्ग सेवा प्रवाह गरिरहेको छ ।

# मेगा बैंकको ११.७५५ नगद लाभांश र मर्जर तथा एक्वायरको प्रस्ताव

काठमाडौं । मेगा बैंकले वार्षिक साधारणसभा गर्ने भएको छ । बैंकले यही कात्तिक २९ गते आफ्नो ९औं वार्षिक साधारणसभा गर्ने भएको हो । जसका लागि बैंकले कात्तिक १५ गते बुक क्लोज गर्ने भएको छ । कात्तिक १४ गतेसम्म कायम

MEGA BANK NEPAL LIMITED
मेगा बैंक नेपाल लिमिटेड

सेयरधनीले मात्र लाभांश पाउने बैंकले जनाएको छ ।

साधारणसभामा बैंकले गत आर्थिक वर्षको नाफाबाट ११.७५ प्रतिशत नगद लाभांश वितरण गर्ने प्रस्तावका साथै अन्य कुनै बैंक तथा वित्तीय संस्थालाई एक गाभ्ने र गाभिने सम्बन्धमा प्रस्ताव पनि गरेको छ। बैंकको नवौं वार्षिक साधारणसभा नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादी काठमाडौंमा बिहान ११:३० बजे सुरु हुने बैंकले जनाएको छ। हाल बैंकको चुक्ता पुँजी १० अर्ब ३८ करोड ८६ लाख २१ हजार रुपैयाँ रहेको छ ।

# एन आई सी एशिया बैंक र वर्ल्डलिङ्क बीच सहकार्य

काठमाडौं । एन आई सी एशिया बैंक र वर्ल्डलिङ्क कम्युनिकेसन्स् लि.बीच डिजिटल भुक्तानी गर्ने सम्झौता भएको छ ।

सो सम्झौता बमोजिम एन आई सी एशिया बैंकका ग्राहकहरुले २०७६ आश्विन ३० देखि २०७६ कार्तिक १६ गते (छठ पर्व) सम्म वर्ल्डलिङ्कको




इन्टरनेट बिल, मोबाइल बैकिङ्ग र डेबिट वा क्रेडिट कार्ड प्रयोग गरी भुक्तानी गर्दा १०% वा अधिकतम रु ३००/ सम्म क्यास ब्याक प्राप्त गर्न सक्नुहुनेछ । साथै वर्ल्डलिङ्कका ग्राहकहरुले कुनै पनि बैंकको मोबाइल बैकिङ्ग र डेबिट वा क्रेडिट कार्ड प्रयोग गरी वर्ल्डलिङ्कका कुनै पनि आउटलेट तथा शाखाहरुबाट इन्टरनेटको बिल सहज रुपमा भुक्तानी गर्न सक्नुहुनेछ । सो सम्झौतापत्रमा बैंकको तर्फबाट बैंकका सहायक प्रमुख कार्यकारी अधिकृत सन्तोष कुमार राठी र वर्ल्ड लिङ्क लि.को तर्फबाट वर्ल्डलिङ्कका प्रमुख वित्त अधिकृत संजय कुमार साहज्यूले हस्ताक्षर गर्नुभयो ।

बैंकलाई आमजनमानसले गरेको प्रगाढ विश्वास, अगाध स्नेह र बैंक प्रतिको भरोसाले गर्दा यस बैंकको मुलुकभर ३०१ शाखा कार्यालयहरु, ३७८ एटिएम, ८४ वटा एक्स्टेन्सन काउण्टर एवं ४२ वटा शाखारहित बैंकिङ्गमार्फत् बैंकिङ्ग सेवा प्रदान गर्ने मुलुककै सबैभन्दा ठूलो शाखा सञ्जाल भएको बैंक हुन सफल भएको छ । करिब १८ लाख ग्राहक महानुभावहरूका साथ सञ्चालनमा रहेको यस बैंकका प्रमुख वित्तीय परिसूचकहरु अत्यन्त उत्साहप्रद रहेका छन् । उत्तरदायी बैकिङ्गको अभ्यास गर्दै आएको यस बैंकले गत आर्थिक वर्षमा प्रत्यक्ष र अप्रत्यक्ष गरी करिब ३ अर्ब १५ करोड रुपैयाँ भन्दा बढी राजश्व नेपाल सरकारलाई भुक्तानी गरिसकेको छ भने वित्तीय समावेशीकरणका लागि मुगु, कालिकोट, बझाङ, रुकुम, जुम्ला, सल्यान जस्ता बैंक तथा वित्तीय संस्थाहरुको उपस्थिति न्यून रहेका दुर्गम जिल्लाहरुमा तथा कुनै पनि बैंक तथा वित्तीय संस्थाहरु नपुगेको ३४ भन्दा बढी स्थानीय निकायहरुमा शाखा विस्तार गरी सञ्चालन गर्दै आइरहेको छ ।

# भिवोर क्यापिटल अब मुक्तिनाथ क्यापिटल

काठमाडौं । भिवोर क्यापिटल अब मुक्तिनाथ क्यापिटल भएको छ । मुक्तिनाथ विकास बैंकले भिवोर क्यापिटल लि.कोजारी पूँजीमा ५१% शेयर लगानी गरी आफ्नो सहायक कम्पनीको रुपमा सञ्चालन गरेको हो । मुक्तिनाथ विकास बैंकले आफ्नो पहलमा कृषि क्षेत्रको प्रवर्द्धनको लागि मुक्तिनाथ कृषि कम्पनी र पूँजीबजार (मर्चेण्ट बैंकिङ्ग) प्रवर्द्धनको लागि मुक्तिनाथ क्यापिटलमा लगानी गरी सेवाको दायरालाई फराकिलो बनाउने प्रयास गरेको छ। समावेशी वित्तीय सेवाको अलवा कृषि र पूँजीबजार क्षेत्रमा पनि उत्कृष्ठ सेवा प्रदान गर्ने बैंकले लक्ष्य लिएको छ ।

हाल बैंकले १२३ शाखा कार्यालयबाट आफ्ना सेवाग्राहीहरुलाई आधुनिक बैंकिङ्ग र सानातथा लघु बैंकिङ्ग सेवा प्रदान गर्दै आइरहेको बैंकका प्रमुख सुचना अधिकारी तिल बहादुर गुरुङ्गले बताउनुभयो ।

मुक्तिनाथ क्यापिटल लि.
MUKTINATH CAPITAL LTD.
समृद्ध लगानी...

यसैवीच, मुक्तिनाथविकास बैंक लि.र नेपाल रेमिटबीच सम्झौता भएको छ । उक्त सम्झौता बमोजिम नेपाल रेमिटमा आएको रकम मुक्तिनाथ रेमिटको करिब ४००० एजेण्टबाट सजिलै भुक्तानी गर्न सकिनेछ । उक्त सम्झौता पत्रमा मुक्तिनाथविकास बैंक लि.को तर्फबाट मुक्तिनाथविकास बैंक लि.का सहायक नायव प्रमुख कार्यकारी अधिकृत तिलबहादुर गुरुङ्ग र नेपाल रेमिटका तर्फबाट नेपाल रेमिटका प्रबन्धनिर्देशक सुमित मित्तलले हस्ताक्षर गर्नुभयो । यस सुविधाबाट बैंकका सेवाग्राहीहरु लाई थप लाभ हुने अपेक्षागरिएको छ ।

मुक्तिनाथ विकास बैंकको आफ्नै रेमिट, मुक्तिनाथ रेमिटले चाडपर्वलाई लक्षित गरी भाद्र ०१, २०७६ देखि कार्तिक ३० गतेसम्म लागू हुने गरी रेमिट्यान्स (विप्रेशण) केन्द्रित '७६ साल ७६ उपहार, चाडपर्वसंग खुसीको वहार' अभियान सञ्चालन गरेको छ । यस अभियान अन्तर्गत भाग्यशाली विजेताहरुमध्ये १ जनालाई स्कुटी, ३ जनालाई ल्यापटप, ५ जनालाई रेफ्रिजेरेटर, ७ जनालाई ३२'' टि.भी., १५ जनालाई स्मार्ट मोबाइल सेट, २० जनालाई प्रेसर कुकर र २५ जनालाई ब्लुटुथ स्पिकर प्रदानगर्ने बैंकले जनाएको छ ।

# आइएमईबाट पैसा पठाउने विजेताले पाए पठाएको रकमको ४ गुणा बढी पैसा

काठमाडौं । आइएमईबाट पैसा पठाएका दुई जना सेवाग्राहीले पठाएको रकमको ४ गुणा बढी पैसा प्राप्त गरेका छन् । सेवाग्राही सोमर तामाङ्ग र विशाल नगरकोटीले दसैंमा आइएमईको डबलको डबलको डबल अफर अन्तर्गत पहिलो महिनाको विजेता घोषित भएका हुन् ।

सिस्टममा आधारित 'लक्की ड्र' मार्फत विजेता बनेका सेवाग्राहीले क्रमसः मलेसिया र जापानबाट अफर अवधिमा आइएमई मार्फत नेपालमा रहेका आफन्तलाई पैसा पठाएका थिए । आइएमईको दसैं अफर अन्तर्गत सेवाग्राही दुवैले आफुले पठाएको रकमको चार गुणाबढी रकम प्राप्त गरेका छन् ।

त्यस्तै आइएमईका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संजाल मार्फत अफर अवधिमा नेपालमा पैसा पठाउने आइएमई सेवाग्राहीहरू कृष्ण मुखिया, महेश आले मगर, विजय नेपाली, लक्ष्मी गुरुङ, राम बहादुर काफ्ले, भुवन अधिकारी, जीत बहादुर सार्की, चुणामणी काफ्ले, कृष्ण थापा, आइतराम गुरुङ, डबल प्रसाद चापागाईं र राजेश शाह सिस्टममा आधारित 'लक्की ड्र' मार्फत विभिन्न हप्ताका साप्ताहिक विजेता घोषित भएका छन् । विजेता सवैले आफुले पठाएको रकमको दुई गुणाबढी रकम प्राप्त गरेका छन् ।

आइएमईले पर्व लक्षित दसैंमा डबलको डबलको डबल अफर सार्वजनिक गरेको छ। उक्त अफर २०७६ साल भदौ १५ गतेदेखि कार्तिक मसान्त (तद्नुसार सेप्टेम्बर १ देखि नोभेम्बर १६, २०१९) कूल ७७ दिनसम्म कायम रहनेछ ।

अफर अनुसार हरेक दिन




आइएमई पे मार्फत पैसा पठाउने हरेक भाग्यशाली सेवाग्राहीहरुलाई आइएमई पे वालेटमा डबल रिवार्ड प्वाइन्ट, हरेक हप्ता दुई (२) जना भाग्यशाली सेवाग्राहीहरुलाई पठाएको रकमको डबल (दुई गुणा), हरेक महिना दुई (२) जना भाग्यशाली सेवाग्राहीहरुलाई पठाएको रकमको डबलको डबल (चौगुणा) तथा बम्परमा एक (१) जना भाग्यशाली सेवाग्राहीलाई पठाएको रकमको डबलको डबलको डबल (आठगुणा) सम्म रकम पुरस्कार स्वरूप प्रदान गरिने कम्पनीले जानकारी दिएको छ ।

# कार्तिक मसान्तभित्र दोस्रो किस्ता अनुदान लिइसक्न प्राधिकरणको आग्रह


काठमाडौं । राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले कार्तिक मसान्तभित्र निजी आवास पुनर्निर्माणका लागि दोस्रो किस्ता अनुदान लिइसक्न आग्रह गरेको छ। ललितपुरमा आयोजित कार्यक्रममा बोल्दै प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत सुशील ज्ञवालीले समयमा नै दोस्रो किस्ता लिएर घर पुनर्निर्माण गर्न भूकम्प पीडित जनतालाई आग्रह गर्नु भएको हो ।

प्राधिकरणले २०७५ साल असार मसान्तभित्र पहिलो किस्ता लिएकालाई दोस्रो किस्ता लिने समय यही कार्तिक मसान्तसम्म तोकेको छ । सरकारले निजी आवास पुनर्निर्माणका लागि पहिलो किस्तामा ५० हजार, दोस्रोमा १ लाख ५० हजार र तेस्रो किस्तामा १ लाख रुपैयाँ अनुदान उपलब्ध गराउँदै आएको छ । निजी आवास पुनर्निर्माणका लागि ७ लाख ७६ हजार ९ सय १० लाभग्राहीसँग अनुदान सम्झौता भएकोमा ७ लाख ६८ हजार ५ सय ४९ लाभग्राहीले पहिलो किस्ता, ६ लाख १२ हजार १ सय ५ लाभग्राहीले दोस्रो किस्ता र ५ लाख ७ जार ४८ परिवारले तेस्रो किस्ता अनुदान लिइसकेका छन् ।

भूकम्पबाट क्षति भएकामध्ये ४ लाख ६९ हजार २ सय ५९ घर पुनर्निर्माण भइसकेका छन् भने १ लाख ९४ हजार ४ सय ५६ घर पुनर्निर्माणका क्रममा छन् ।

भूकम्प प्रभावित ३२ जिल्लामा ६० प्रतिशत घर पुनर्निर्माण सम्पन्न भए पनि ललितपुर जिल्लामा ३२ प्रतिशत लाभग्राहीले तेस्रो किस्ता लिएका छन् । प्रमुख कार्यकारी अधिकृत ज्ञवालीले शहरी क्षेत्रमा प्रत्येक घर पुनर्निर्माणमा ढिलाइ भएकोमा कारण बुझ्न आवश्यक भएको भन्दै एक घर एक परियोजना बनाएर अघि बढ्न कर्मचारीहरुलाई निर्देशन दिनु भयो । केन्द्रीय आयोजना कार्यान्वयन इकाई अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार इकाईका उपनिर्देशक नारायणप्रसाद श्रेष्ठले शहरी क्षेत्रमा निजी आवास पुनर्निर्माणलाई द्रुत गतिमा अघि बढाउन सबैको सहयोग आवश्यक भएको भन्दै नभए अनुदान लिनबाट जनता वञ्चित हुने सम्भावना रहेको बताउनुभयो ।

# चीनले नेपाललाई सैन्य सामग्री दिने



काठमाडौं । चीन सरकारले नेपाललाई एक सय ५० मिलियन युआन बराबरको सैन्य सामग्री उपलब्ध गराउने भएको छ ।

चीन भ्रमणमा रहेका रक्षामन्त्री ईश्वर पोखरेल र त्यहाँका रक्षामन्त्री वी फेङ्हबीच आइततबार नेपाली सेनालाई सैन्य सामग्री उपलब्ध गराउने सम्झौतामा हस्ताक्षर भएको हो । यसअघि नेपाल भ्रमणमा रहेको चिनियाँ राष्ट्रपति सी चिनफिङले सहायता उपलब्ध गराउने प्रंतिबद्धता व्यक्त गरेअनुसार आज औपचारिक सम्झौता पत्रमा हस्ताक्षर भएको हो । सम्झौता अनुसार चिनले मानवीय तथा विपद् व्यवस्थापनसँग सम्बन्धित सैन्य सामग्री उपलब्ध गराउने छ ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
www.janaakash.com.np



# को हुन् कार्लमार्क्स, के हो मार्क्सवाद ?

**हरि रोका**

कार्ल मार्क्स ५ मे, १८१८ मा ट्रियर सहरमा जन्मिएका थिए । त्यो सहर सन् १७९४ देखि १८१४ सम्म फ्रान्सेली प्रशासनको अधीनस्थ थियो र त्यसबेलासम्म पनि १७८९ मा भएको फ्रान्सेली राज्य क्रान्तिको सम्झना बलियो थियो । मार्क्स त्यो समयमा जन्मिएका थिए जुनबेला सारा युरोपमा नयाँ खालको जागरण आइरहेको थियो । बेलायतमा सम्पन्न पहिलो औद्योगिक क्रान्तिको विस्तार पश्चिम युरोप हुँदै पूर्वी युरोपतिर फैलिरहेको थियो । बेलायत, स्पेन, फ्रान्स, पोर्चुगल आदि आफ्ना( आफ्ना साम्राज्यहरू विस्तार गर्न जोरसोरले लागिपरेका थिए र एकअर्कासँग प्रतिस्पर्धा गरिरहेका थिए ।

पर्याप्त मात्रामा उत्पादन गर्ने र बेच्ने अनि नाफा आर्जन गर्ने धन्दा चलिरहेको थियो । यो कमाउधन्दा बढिरहँदा फ्रान्सेली क्रान्तिताका लागेका नारा 'मुक्त', 'समानता' र 'ऐक्यबद्धता' क्रमश: ओझेलमा पर्दै गइरहेका थिए । कृषिबाट उद्योगमा रूपान्तरण गर्ने प्रक्रिया तीव्र हुँदै जाँदा बहुसंख्यक मानिसको जीवन कठिन बन्दै गएको थियो । त्यो विषम परिस्थितिले मार्क्सलाई आमूल परिवर्तनकारी लोकतान्त्रिक व्यवस्था हुँदै साम्यवादतर्फ आकर्षित हुने वातावरण बन्यो ।

मार्क्स राम्रै आर्थिक अवस्था भएको यहुदी परिवारमा जन्मिएका थिए । उनका पिताजी वकिल थिए । उनी स्थानीय तहको शिक्षा सकेपछि सर्वप्रथम बोन विश्वविद्यालयमा कानुनको विद्यार्थी बने, त्यसपछि सांस्कृतिक केन्द्रका रूपमा रहेको बर्लिन विश्वविद्यालय गएपछि दार्शनिक जर्ग विल्हिम फ्रेडरिक हेगलका युवा अनुयायीहरूको संगतमा परेपछि इतिहास र दर्शन पढे ।

सन् १८४२ मा ब्रुनो बुयरसँग मिलेर 'रेन्चे जाइतुङ' नामक पत्रिका निकाले । पत्रिकामा किसानमाथि गरिएको विभेदविरूद्ध लेखिएपछि सरकारले प्रतिबन्ध लगायो र उनलाई देश निकाला गरियो । त्यसपछि उनले राजनीतिक अर्थशास्त्र पढ्न थाले । खासगरी फ्रेडरिक एंगेल्स लिखित तथा जर्मन(फ्रेन्च एनल्समा प्रकाशित 'आउटलाइन्स अफ द क्रिटिक अफ पोलिटिकल इकोनोमी' पढे । त्यो एनल्समा मार्क्सका दुई निबन्ध छापिएका थिए ।

पहिलो 'कन्ट्रिब्युसन टु दी क्रिटिक अफ हेगल्स फिलोसोफी अफ ल' र 'अन दी जिउइस क्वेस्चन' । सन् १८४४ मा मार्क्स र एंगेल्सले १० दिनसंगै बसेर ब्रुनो बुयरको 'सेपरेसन अफ फिलोसोफिकल क्रिटिक' को विपक्षमा 'दी होली फामेली' लेखे । त्यहीँदेखि दुईजनाबीच जीवनपर्यन्त सहकार्य सुरु भयो ।

पर्सियन सरकार (हालको जर्मन) सरकारले बबाब दिएपछि मार्क्सलाई पेरिस बस्न पनि प्रतिबन्ध लाग्यो र उनी ब्रसेल्समा पुगे । त्यही वर्ष एंगेल्सको 'कन्डिसन्स अफ दी वर्किङ क्लास इन इंग्लैन्ड' छापियो जुन बृहत अध्ययन तथा वस्तुगत अनुसन्धानका आधारमा आधारित थियो । त्यसपछि एंगेल्ससँगै मार्क्स इंग्लेन्ड पुगे र राजनीतिक अर्थशास्त्र, इंग्लिस समाजवाद पढ्न थाले, श्रमजीवि संगठनका नेताकार्यकर्तासंग उठबस गर्न थाले । दुईजना मिलेर १८४५ मै 'जर्मन आइडोलोजी' नामक पुस्तक लेखे, तर त्यो पुस्तक भने १९३२ मा मात्र प्रकाशित भयो ।

१८४८ मा प्रुधाँको आलोचना गर्दै लेखिएको पुस्तक 'दी पोभर्टी अफ फिलोसोफी' प्रकशित भयो । ब्रसेल्समा बस्दा मार्क्स संगठन निर्माणको काममा पनि संलग्न भए । त्यही विचार आदानप्रदानका लागि आदा अन्तराष्ट्रिय सञ्जाल निर्माण गरे । त्यही सञ्जाल पछि गएर श्रमजीवी जनताको पहिलो अन्तराष्ट्रिय आन्दोलनका रूपमा स्थापित भयो । ९ जुन अफ १८४७ मा पहिलो सम्मेलन गरेर 'वर्किङ म्यान आफ दी अल कन्ट्रिज युनाइट' घोषणा गरियो । त्यही वर्ष गरिएको दोस्रो सम्मेलनले मार्क्स र एंगेल्सलाई राजनीतिक तथा सैद्धान्तिक कार्यक्रम तयार पार्ने जिम्मा दियो । उनीहरूले सन् १८४८ मा कम्युनिस्ट पार्टीको घोषणापत्र तयार पारे ।

घोषणापत्र प्रकाशित भएपछि युरोपमा ठूलो हल्लीखल्ली हुन पुग्यो । ब्रसेल्सबाट निस्कासनमा परेपछि मार्क्स पुनस् पेरिस फर्किए । त्यसपछि कोलोन पुगे । त्यहाँ उनले 'क्लास स्ट्रगल इन फ्रान्स', 'दी एटिन्थ ब्रुमेअर अफ लुइ बोनापार्ट', 'रिभ्योलुसन एण्ड काउन्टर रिभ्योलुसन इन फ्रान्स' लेखे । जर्मनी र फ्रान्सबाट पुनः लखेटिएपछि १८४९ मा लन्डनमा बस्न थाले र जीवनभर त्यहीं रहे ।

**इतिहास र सिद्धान्त**

मार्क्सवाद अन्य सैद्धान्तिक अवधारणाभन्दा ऐतिहासिक उत्खननका कारण भिन्न छ । जसलाई हामी मार्क्सवाद भन्छौं , त्यो कल्पनामा होइन , ऐतिहासिक सत्यतथ्यमा आधारित छ । मार्क्स भन्छन् , "मान्छेले आफनो इतिहास आफै बनाउँछ कसैलाई खुसी पार्न कसैले पनि इतिहास बनाउँदैन ( हेर्नुहोस् , 'दी एटिन्थ व्रुमेएर अफ लुई बोनापार्ट' को पहिलो अध्याय ) त्यो 'इतिहास बर्गीय शोषण कुन चरणबाट गुज्रिने छ भन्ने कुरामा भर पर्छ । साधारणतया 'उत्पादन पद्धति ' , आर्थिक शक्ति र सम्बन्ध तथा उनीहरूबीचको अन्तरविरोध आदिले निर्माण गर्ने बर्ग र समाजमा कसको कस्तो निर्णायक भूमिका रहन्छ भन्ने निर्धारण गर्छ । ऐतिहासिक निर्धारण आर्थिक तथा प्राविधिक बिषयले ऐतिहासिक रूपान्तरण गर्नमा तिनको भूमिका , राजनीतिले निर्धारण गर्ने आर्थिक नीति र संस्थागत परिचालनले शोषणका ऐतिहासिकता कस्तो भन्ने तय गर्छ । इतिहासका सबै मोडहरूलाई हेरेर नै मार्क्स र , एंगेल्सले कम्युनिस्ट घोषणापत्रमा ' अहिले अस्तित्वमा रहेको समाज इतिहासमा भएका अनेक वर्गसंघर्षको उपज भने ।

यो वाक्यले नै मार्क्सले खिचेको क्रान्तिकारी राजनीतिक कार्यक्रमको बिचारको खाका प्रस्तुत हुन्छ । यही सोचले श्रमजीवी मानिसहरूको आत्म स्वाभिमान जगाउने संघर्ष मात्र होइन, सबै प्रकारका शोषण र उत्पीडनबाट मुक्त हुनका लागि संघर्ष गर्न उक्साउँछ । पूंजीवादी आर्थिक तथा सामाजिक विकासमा उत्पादन सम्बन्ध र उत्पादन प्रकृयाको ऐतिहासिकताका आधारमा समाजलाई हेर्ने बुझ्ने क्रममा मार्क्सले शास्त्रीय अर्थशास्त्रको चिरफार गरे । त्यो चिरफार र आलोचनाको ऐतिहासिक विवेचनाको सैद्धान्तिक जग मार्क्सकै ' ग्रुन्डरिसे ' मा उल्लेख गरिएको पाइन्छ, जो सन् १९७० को दशकममा मात्र अंग्रेजीमा प्रकाशित भयो । मार्क्सले एउटा बुद्धिजीवीले गर्ने विश्व व्यवस्थाको ऐतिहासिकताको व्याख्या मात्र पस्किएनन् यसलाई कसरी बदल्न सकिन्छ भन्ने कुरामा आफ्नो ध्यान बढी केन्द्रित गरे ।

बुर्जुवा क्रान्तिका पक्षधरले यो ऐतिहासिकताका आधारमा हेर्ने दृष्टिकोणको ठूलो विरोध गरेका छन् । उत्पादनका साधनमाथिको स्वामित्व र उत्पादन प्रक्रिया तथा उत्पादन सम्बन्धको आधारको समाजको व्याख्याको विकल्पमा म्याक्स वैबरले ' पुंजीवादी समाज र त्यसका क्रियाकलाप बुझ्न सीमान्त उपयोगिताको सिद्धान्त'लाई प्रारम्भिक औजारका रूपमा प्रयोग गरे । बर्गको व्याख्यालाई उनले राजनीतिक मुद्दाबाट बिशुद्ध 'आर्थिक श्रेणी'मा ओराले । अहिलेसम्मका पूंजीवादी समाजशास्त्रीहरू वैबरकै धरातलमा उभिएर मार्क्सवादको विरोध गर्ने गर्छन् ।

मार्क्सको 'हिस्टोरिकल म्याटेरियालिज्म ' मार्क्सवाद मान्ने र नमान्ने दुवैथरी गम्भीर अध्येयताहरूले राम्ररी बुझेका छन् र समर्थन र विरोधमा व्याख्या पस्किएका छन् । जस्तो लेनिन, रोजा , ग्राम्सी र चे ग्वेभारा आदि तीमध्ये प्रमुख हुन् । तर, कतिपय व्याख्या अधुरा र अपुरा रहेका भनाइहरू पनि आइरहेका छन् । क्यापिटलको पहिलो भोलुम छापिएपछि मार्क्सको देहान्त हुन पुग्यो । उनका नोटबुक र तत्काल उपलब्ध सामग्रीका आधारमा एंगेल्सले ' क्यापिटल ' को भाग २ र ३ प्रकाशमा ल्याए ।यतिबेलासम्म पूंजीका ६ वटा भाग खासगरी जमिन ( ल्यान्डेड प्रोपर्टी , ज्यालादारी मजदुरी , बैदेशिक व्यापार , विश्व बजार र संकटमा आधारित ६ भाग प्रकाशित छन् ।

पछिल्लो एक दशकयता मार्क्स - एंगेल्स संकलनमाला ( मेगा ) ' गठन गरेर सबै सामग्री खोज्दा राजनीतिक अर्थशास्त्रका १५ वटा भोलुम तयार हुने कुरा प्रकाशमा आएको छ । मेगाले विश्व इतिहासको क्रोनोलोजी मात्रै १५ सय पृष्ठ भेटिएको जनाइएको त्यतिबेलाका मार्क्सका साथीभाइ इष्टमित्र र सामग्रीको तीव्रतासाथ खोजी भइरहेको छ । झन्डै २ सयको हाराहारीमा रहेका डायरी जुन समाज विज्ञान, इतिहास मानवशास्त्र, प्रकृति विज्ञान र म्याथम्याटिक्ससँग जोडिएका भेटिएको दाबी गरिएको छ । यिनले विगतमा अधुराअपुरा रहेका कृति पुरा गर्न, कम व्याख्या भएका र अस्पष्टतालाई प्रस्ट बनाउन र व्यवस्थित गर्न सजिलो हुने जनाइएको छ । (हेर्नुहोस् , जोन वेलामी फोस्टरद्वारा लिखित 'मार्क्स ओपेन इन्डिड क्रिटिक' मन्थ्ली रिभ्यू , १ मे २०१८) यसको अर्थ मार्क्सवाद अपूरो थियो, अब पूरा हुने भन्ने अर्थ कदापि होइन । मार्क्सले आफ्नो जमानाको आर्थिक सामाजिक धरातलमा उभिएर गरेका खोज तथा अनुसन्धानले उनका त्यसवेला गरेका तर्कहरूलाई पुष्टि गर्न थप मद्दत पुग्नेछ ।

मार्क्सवादीमा आएको उतार चढाव

मार्क्सवाद ऐतिहासिक वर्ग संघर्षलाई अध्ययन गर्ने विधि हो । विज्ञानप्रविधिको विकासले ल्याउने परिवर्तन अर्को अर्थमा हरेक औद्योगिक क्रान्तिले ल्याउने परिवर्तन , हरेक परिवर्तनभित्र विकसित हुने कामदार शक्ति कसरी निर्माण हुन्छ, त्यो कामदार शक्ति कसरी प्रशिक्षित हुन्छ र कस्ता वाहक वा सङ्गठकले तिनलाई डोर्याउँछन् भन्ने कुराले कस्तो वर्ग बन्छ र कस्तो संघर्ष हुन्छ वा हुने सम्भावना रहन्छ भन्ने निर्धारण गर्छ । आर्थिक - सामाजिक परिस्थिति, श्रमजीवि शक्तिको प्रशिक्षण, राज्यको नीतिले निर्धारण गर्ने वर्ग संघर्ष र क्रान्तिपछिको रूपान्तरण प्रक्रिया यो अध्ययनसँग जोडिने महत्त्वपूर्ण कडी हुन् । त्यसैले सिद्धान्ततः मार्क्सवाद वादविवाद वा बहस ( डाइलेक्टिक), भौतिकवाद (म्याटेरियालिज्म), र इतिहास ( हिस्ट्री )को सम्मिश्रण हो । त्यसैले ठीकठीक विश्लेषण गर्न र एक्सनमा उत्रन त्यति सजिलो छैन । त्यसैले मार्क्सको एउटा प्रसिद्ध भनाइ छ, 'विज्ञानसम्म पुग्न बनिबनाउ राजमार्ग हुँदैन' ।

'मार्क्सवाद, बाइबल, कुरान, वा गीता होइन, जसलाई कण्ठस्थ गरेर कथित ' मुक्ति प्राप्त होस् । आजसम्म जेजति समाजवादी क्रान्ति सम्पन्न भए मार्क्सवादी विधिअनुरूप आफ्नो वर्गसंघर्षको इतिहास , तत्कालीन समाजको आर्थिक सामाजिक संरचना, तत्कालीन राज्यको प्रकृति र प्रवृत्ति , समाजमा विद्यमान वर्गसंघर्ष आदिलाई गहिरोसँग केलाएर बहुमत मानिसलाई संगठित संघर्षमा होम्दै सफलता चुमे । मार्क्सवादी अध्ययन विधिकै कारण पछिल्ला मार्क्सवादीहरू ठोस परिस्थितिको ठोस विश्लेषण गरेर क्रान्तिलाई डोर्याए । रुसको अक्टोबर क्रान्ति, चिनियाँ जनक्रान्ति वा क्युबाली क्रान्ति सबै आ - आफ्ना परिवेशमा आ - आफ्ना व्याख्या विश्लेषणका आधारमा सम्पन्न भएका थिए । ती सबैको संघर्षको प्रकृति भिन्नाभिन्नै थियो । परिस्थिति र श्रमजीवी सर्वहारा वर्गको सामाजिक र सांस्कृतिक अवस्था भिन्नाभिन्नै थियो ।

समाजवाद कसरी लागु गर्ने भन्ने विषय कार्यक्रम पनि स्वाभाविक रुपमा फरकफरक थिए । किनकि पूर्णरूपमा विकसित पूंजीवादी समाजको रूपान्तरण र अर्को पछौटे कृषि प्रधान देशको रूपान्तरण कपी गर्न मिल्दैनथ्यो । ज - जसले नीति निर्माण , कार्यक्रम र विचार हुबहु सार्ने कोसिस गरे ती नराम्रोसँग पछारिए । जसले आफ्नो समाज विश्लेषण धरातलीय यथार्थमा रहेर राम्ररी केलाएर अगाडि बढे तिनीहरू सफल भए ।

केही नवउदारवावी पूंजीवादी पक्षधर विद्वानहरूले सोभियत संघ तथा पूर्वी युरोपको विघटनपछि इतिहासको समाप्तिको घोषणा गरे । यसको अर्थ पूंजीवादको विकल्पमा रहेको समाजवादको अन्त्य र सँगसँगै मार्क्सवादको अन्त्य भएको घोषणा गर्ने कसरत थियो त्यो । कसैकसैले मार्क्सवाद विज्ञान प्रविधिमैत्री नभएको घोषणा पनि गरिदिए । कसैकसैले पूंजीमैत्री नभएकाले विकासमै नभएको आरोप लगाउन पनि चुकेनन् । तर , तिनले समग्रतामा के बुझेनन् भने यदि समाजवादले खोजेजस्तो सम्पत्तिको वितरण र पुनर्वितरण अवरुद्ध भयो भने आममानिस उत्पादन र उत्पादनका साधनबाट वञ्चित हुन्छन्, त्यसको अर्थ पूंजी सञ्चिति तथा पूंजी निर्माणसमेत अवरुद्ध हुन्छ ।

यसको अर्थ सम्पूर्ण बस्तु तथा सेवाको उत्पादन र पुनर्त्पादनमा नकारात्मक असर पर्छ । त्यसले सम्पूर्ण अर्थतन्त्रमा मात्र होइन, सामाजिक संकट खडा हुन पुग्छ । दोस्रो विज्ञान र प्रविधिको विकास भनेको केही मुट्ठीभर व्यक्तिको धन सञ्चयका लागि कि आमजनताको सन्तुष्टिका लागि ? मानव निर्मित वैज्ञानिक सिर्जना र प्रविधि विकास उपलब्धि मानव विकासका लागि धन आर्जन गर्ने साधन मात्र ? पूंजीवादीहरू मानवतावादलाई नकार्दै विज्ञान र विकासको निजत्वकरणमा लिप्त हुन्छन् । मार्क्सवाद निजत्वकरणको खिलाप थियो र छ । सम्पूर्ण उपलब्धि समाजका सम्पूर्ण मानिसको जीवन पद्धतिमा सुधार गर्न, सहज बनाउन लक्षित हुनुपर्छ भन्ने थियो । आजसम्मका सबै वैज्ञानिक आविष्कार र विकास व्यक्तिगत निजी सम्पत्ति आर्जनका लागि नभएर समाज कल्याणका खातिर भएका हुन् भन्ने बुझ्न पूंजीवादीहरूले चाहेनन् ।

मार्क्सवाद अल्पकालीन, मध्यकालीन वा दीर्घकालीन योजनाको पोको थिएन भन्ने पनि पूंजीवादीसँगै कथित मार्क्सवादीहरूले पनि बुझेनन् वा बुझ्न चाहेनन् । त्यसैले केही मार्क्सवादीहरूले शासनसत्ता हुँदा गरेका सतही घोषणा, सतही क्रियाकलाप तथा विकृत रूपान्तरणलाई मार्क्सवादसँग जोडेर हेरे । वास्तवमा ती केही मार्क्सलाई बदनाम गर्न चाहने पूंजीवादी र तिनका हिमायतीहरूको औजारजस्तै बन्न पुगे । पूंजीवादीहरूलाई एक प्रकारले औडाहा भएको थियों । मार्क्सवादप्रति तिनको ईर्ष्या चुलिंदै गएको थियो । मार्क्सवादलाई सिराने हालेर गरिएका २०औं शताब्दीभरिका क्रान्तिले गरिब, सर्वहारालाई सशक्तीकरण गरेर जमिन तथा फ्याक्ट्रीको मालिक बनाएको थियो । राष्ट्रिय राज्यको निर्माण गर्दै स्वतन्त्र सार्वभौम सत्तासम्पन्न जनताका अधिकारका लागि साम्राज्यवादविरुद्ध स्वाधीन संघर्ष सञ्चालन गर्न हौस्याएको थियो ।

शिक्षा , स्वास्थ्य रोजगारीमा आमजनताको पहुँच पुर्याउन र राज्यको दायित्वको पहिचान बढाउन मार्क्सवाद औजार बन्न पुगेको थियो । दासका रूपमा भित्र्याएका काला जाति र सम्पूर्ण महिलाहरूलाई मतदान दिने आधार मार्क्सवादको आधारमा भएका क्रान्तिको अगुवाइमा भएका थिए । त्यसले मुट्ठीभर सामन्त तथा पूंजीवादीहरूमा खुम्चिएको राजनीतिक, सामाजिक, सांस्कृतिक तथा आर्थिक अधिकार आमजनताको पहुँचमा पुर्यावन अहम् भूमिका खेलेको थियो । पूंजीवादीहरू समाजवादको नामबाट तर्सिनुपर्ने, झाँक्किनुपर्ने, यिनै कारण थिए । समाजवाद समापन हेर्न पूंजीवादीहरू सधैं मौकाको खोजीमा थिए, छन् र भोलि पनि रहनेछन् ।

मार्क्सवाद माथि उल्लेख गरिएझैं बहस, वादविवाद, भौतिकवाद र वर्ग संघर्षको समष्टि हो । क्रान्तिपछि जानी - नजानी राज्य पुँजीवादमा लैजानेहरूले बहस र बावविवादलाई प्रतिबन्ध लगाए । यसले भौतिक वस्तु उत्पादनको विकास त सम्भव भयो, तर समाजको सामाजिक रूपान्तरण प्रक्रिया अवरुद्ध हुन पुग्यो । डाइलेक्टिकको अभावमा राज्यमा ब्युरोक्रेसी हाबी हुन पुग्यो । डाइलेक्टिक (वादविवाद - बहस) को अभावमा जनवाद मलिन हुन पुग्यो र वर्ग संघर्ष झन् भुत्ते हुन पुग्यो । यसरी समाजवादका नाममा हुर्किएको राज्य पूंजीवादमा ढल्नुथ्यो , ढल्यो । त्यों शासन पद्धति जनताको पक्षमा नभएकाले जनताले काँध थापेनन् र अवसान भयो । पूंजीवादीहरूले मार्क्सवाद मरेको प्रचार गरे ।

पूर्वी युरोप र सोभियत संघको विघटनपछि पूंजीवादमा एकपछि अर्को संकट देखा परे । सन् १९९७ र ९८ को पूर्वी एसियाली वित्तीय संकट, १९९८ र ९९ को रुस तथा मेक्सिको संकट, सन् २००२ को अर्जेन्टिनी संकट , यी श्रृंखलाबद्ध संकटहरू एक अर्कामा गाँसिदै गाँसिदै आइनै रहेका बेला संयुक्त राज्य अमेरिकाका बैंकहरूले वित्तीय संकट निम्त्याए र त्यसले निम्त्याय संसारव्यापी मन्दी । पूंजीवादी अर्थशास्त्री तथा नीतिनिर्माताहरू एक दशकदेखि छताछुल्ल हुन पुगेको पूंजीवादका अवयवहरू बटुलेर टालटुल गर्नमा व्यस्त छन् , तर समाजवादी अर्थशास्त्रीहरू भनिरहेछन् , ( पूंजीवादमा प्रणालीगत संकट सिस्टमिक क्राइसिस ) आइसकेकोले अब प्रणाली नै फेर्नुपर्छ र विकल्प भनेको समाजवाद नै हो । तर समाजवादले पुराना गल्तीहरू दोहोर्याउनुहुन्न ।

अघिल्लै शताब्दीको अन्तिम वर्षहरूमा नवउदारवादी पूंजीवादविरुद्ध कुल्ठूला संघर्षहरू भए । समग्र ल्याटिन अमेरिका समाजवादमय बन्न पुग्यो । बोलिभारान क्रान्तिको आधारमा हयुगो चाभेजले दर्शनिक स्तेभान मेजारोसको भिजनमा आधारित रहेर २१ औं शताब्दीको समाजवादी कार्यक्रमलाई अगाडि सारे । अमेरिकी साम्राज्यवादको नाकैमुनि बोलेभिया , इक्वेडर , अर्जेन्टिना, ब्राजिल उरुग्वेका श्रमजीवी कामदारहरुको जीवनस्तर ठूलो फड्को मार्ने गरी समाजवादी पार्टीहरु निर्वाचनमार्फत सत्तामा पुगे । कोही सफल देखिए कोही असफल । यद्यपि यो पुनर्जागरणले ल्याटिन अमेरिकामा सशक्त विकल्प प्रस्तुत गरेको छ ।

सन् २००७ देखि २०१० को अवधिमा पूर्वी र पश्चिमी यूरोपमा समाजवादको नयाँ जागरण सुरु भएको छ । मार्क्सवादको गम्भीर अध्ययन सुरु भएको छ । पूंजीवादका स्वरूप र बिस्तारका बारेमा लेनिन ( इम्पेरियालिज्म अ हाइअर स्टेज अफ क्यापिटालिज्म ), रोजा लक्जेम्बर्ग ( क्यापिटल एकुमुलैसन थ्यौरी ) , माइकल कोलेस्की ( जेनरल थ्यौरी र थ्यौरी अफ ग्रोथ एन्ड इम्प्लवाइमेन्ट ), जुबान रा'बिन्सन (थ्यौरी अफ इम्यर्फेक्ट कम्पिटिसन ), पौल बरान, पौल स्विजी, हारी म्यागडफ ( मोनोपोली क्यापिटालिज्म एन्ड स्ट्यागनेसन ) आदि माथि गम्भीर बहस र छलफल चल्न थालेका कुरा हिजोआज प्रकाशित पुस्तक, जर्नल आर्टिकल तथा अखबारी लेखनहरूमा पाइन थालेकाले पुष्टि हुन्छ ।

ग्रिसेली अर्थशास्त्री कोस्तास लापाभिताससको 'प्रोफिट विथआउट प्रोड्यूसिङ ' नामक किताबले हामीकहाँ चलेको दलाल पूंजीवादको बहसकों झल्को दिन्छ । उनले विस्तारमा त्यसको पछाडिको सैद्धान्तिक जरा केलाएका छन् । डेभिड हार्वे, फ्रेड मोस्ले, माइकल हेनरिचलगायत सयौं समाजशास्त्री, अर्थशास्त्री तथा राजनीतिशास्त्रीहरू मार्क्सवादको बिकासमा भिडेर लागिपरेका देखिन्छन् ।

हिजोआज पूँजीवादभित्रै दक्षिणपन्थी लोकप्रियतावाद झाङ्गिरहेको छ । पुरानो उदारवादलाई नवउदारवादले खायो र नवउदारवादलाई दक्षिणपन्थी लोकप्रियताबादले । नवलोकप्रिय राष्ट्रवादीहरू पूंजीवादी भूमण्डलीकरणका विरुद्ध राष्ट्रवादी पूंजीवादको वकालत गरिरहेका छन् । र, त्यसका आडमा नश्लवाद, धर्मवाद, जातिवादलाई आड लिने गरेका छन् । तिनले फैलाउन सक्ने नरहिंसा, अन्याय, अत्याचार आततायी युद्धका विरुद्ध मार्क्सवादमा आधारित राजनीतिक संगठनको निर्माणको विकल्पमा अरू केही देखिएको छैन । यस अर्थमा मार्क्सवाद अहिलेको संकटबाट माथि उठ्ने ठूलो वैचारिक विधि बन्ने सम्भावना प्रवल देखिएको छ ।

मार्क्सवादलाई माथि भनिएझैं धर्मशास्त्र बनाउने होइन । विधिसंगत ढंगले अध्ययनलाई अगाडि बढाउने हो । मार्क्सले भनेझैं राष्ट्रभित्र रहेका स्रोतसाधनहरू (जमिन, श्रमशक्ति , उद्योगधन्दा , पूँजी , वित्त) कसरी परिचालित भएका छन् ? कसरी कसले कसका हितमा उपयोग र दोहन गरिरहेका छन् यसको विधिवत् अध्ययन आवश्यक छ । विगतमा 'डाइलेक्टिक्स'को जसरी हत्या हुन पुग्यो अबका दिनमा त्यसो हुन नदिन पुनर्जीवन कसरी दिने ? बहस छलफललाई कसरी सङ्गठनको जीवन बनाउने ? कसरी वर्गसंघर्षलाई क्रान्तिपछि पनि जीवन्त तुल्याउने ? यसको खोजी हुन जरुरी छ ।

नेपालमा मात्रै होइन, संसारभर , संघर्षको कसरी पहिचान गर्ने ? भन्ने समस्या देखिएको छ । अमेरिका र युरोपमा काला जातिमाथि गरिएको भेदभाव र घृणा , मुस्लिममाथि फैलाइएका द्वेष, नेपाल भारतजस्ता देशमा दलित , जनजातिमाथि गरिएका आर्थिक, सामाजिक साँस्कृतिक , राजनीतिक भेद र अन्य सीमान्तकृत जनसमुदायलाई गरिएका हिजोदेखिका भेदभावलाई कसरी हटाउने ? कस्तो अभियानमार्फत कस्तो आर्थिक तथा सामाजिक रूपान्तरणमार्फत ? यी गम्भीर विषय हुन् । गफ र भाषणले मात्र समाजवाद आउँदैन ।

ठोस परिस्थितिको ठोस विश्लेषण, , परिवर्तनका लागि ठोस योजना, योजना कार्यान्वयनका लागि नयाँ क्रियाशील र कामकाजी संस्थाहरूको व्यवस्थापन आवश्यक हुन्छ । नेपालमा वामपन्थीहरुलाई जनताले लहलहैमा लागेर त्यत्तिकै भोट दिएका होइनन्, आमूल परिवर्तनको आसमा दिएका हुन् । यदि उनीहरूलाई यो नाम मात्रका मार्क्सवादी हुन् , यिनले सुधार गर्दैनन् भन्ने लाग्यो भने काँधबाट तल खसालिदिन्छन् जसरी सोभियत सरकारको लास बोक्न कोही सडकमा ओर्लिएनन् ।

## रामेछाप डायरी

### रामेछापको लुभुघाटमा ५३६ मेगावाटको सुनकोसी तेस्रो जलाशय जलविद्युत आयोजना बन्ने

रामेछाप र काभ्रेको सीमाना लुभुघाटमा ५३६ मेगावाटको सुनकोसी तेस्रो जलाशययुक्त जलविद्युत आयोजना बन्ने भएको छ । विद्युत विकास विभागले सुनकोसी तेस्रो जलविद्युत आयोजनको लागि वातावरणीय प्रभाव मुल्याकनका लागि क्षेत्र निर्माण सम्बन्धि सूचना प्रकाशित गरेको छ ।

सिन्धुपाल्चोक, काभ्रे, रामेछाप र सिन्धुली जिल्लाको सीमाना भएर बग्ने सुनकोसी नदीमा रामेछापको खाँडादेवी गाउँपालिका-१ राकाथुमको लुभुघाट र काभ्रेको तिमाल गाउँपालिका-९ को सीमाना लुभुघाटमा करिब ४४८ मिटर लामो र १६६ मिटर उचाईको बाँध निर्माण गरी ५७० घनमिटर प्रति सेकेन्ट पानीलाई ११ किलोमिटर लामो र ९ मिटर व्यास भएको सुरुङबाट काभ्रको तिमाल गाउँपालिका ९ लभुघाट नजिकै निर्माण गरिने विद्युत गृहबाट ५३६ मेगावाट विद्युत उत्पादन पश्चात सो पानीलाई टेलरेस प्रविधि द्वारा पुनः सुनकोसी नदीमा खसालिनेछ । प्रस्तावित जलविद्युत आयोजना जलाशय किसिमको हुनेछ ।

वातावरण संरक्षण ऐन २०५३ तथा वातावरण संरक्षण नियमावली २०५४ को नियम ४ (१) अनुसूचि २ बमोजिम आयोजना कार्यान्वयन गर्नु अघि वातावरणीय प्रभाव मुल्याकन (इआए) प्रतिवेदन तयार गरी वन तथा वातावरण मन्त्रालयबाट स्वीकृत गराउनु पर्ने भएको छ । उक्त प्रतिवेदन तयारीको क्रममा क्षेत्र निर्धारण गर्नुपर्ने भएकाले वातावरणीय प्रभाव मुल्यांकन गर्दा हेर्नुपर्ने भौतिक, जैविक तथा सामाजिक, आर्थिक र सांस्कृतिक क्षेत्रसँग सम्बिन्धत सबालहरुका बारेमा प्रस्ताव कार्यान्वयन हुने क्षेत्रका सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिनुपर्ने भएकाले सूचना प्रकाशित गरेको विद्युत विकास विभागले बताएको छ ।

विभागका अनुसार प्रस्ताव कार्यान्वयबाट प्रभाव पर्नसक्ने नगरपालिका, गाउँपालिका तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्यचौकी तथा सरोकारवाल व्यक्ति वा संघसंस्थाहरुले सूचना प्रकाशित भएको १५ दिनभित्र आफ्नो सुझाव पठाउनु पर्नेछ । सुनकोसी तेस्रो जलविद्युत आयोजनको परामर्शदाता कम्पनी इआरएमसीका प्रबन्ध निर्देशक उद्धवराज चौलागाईले प्रभावित क्षेत्रका बासिन्दाहरुले समयभित्र नै सुझाव दिन आग्रह गर्नुभयो ।

यसअघि विद्युत विकास विभागले काभ्रे र रामेछापको सीमाना दोभनटारमा डयाम निर्माण गर्ने गरी अध्ययन गरेको थियो । तर भौगोलिक अवस्थाको कारण निर्माणमा कठिनाई हुने भन्दै परामर्शदाता कम्पनीले लुभुघाट उपयुक्त हुने भन्दै छनौट गरेको छ ।

### कुलमानको सफलताः प्रसारण लाइन सम्पन्न गर्न मोदी सहमत

विवादित बनेको दुहबी-कटहरी प्रसारण लाइन आगामी ४५ दिनभत्र निर्माण सक्ने गरी सहमति भएको छ । मोरङको ग्रामथान गाउँपालिकास्थित गिदनीय टोलका स्थानीयले करीब तीन किलोमिटर तार तान्न नदिएपछि निर्माणमा अवरोध भएको थियो ।

अवरोध हटाउन प्रदेश-१ का मुख्यमन्त्री शेरधन राईको नेतृत्वमा त्यस क्षेत्रका सङ्घीय सांसद अमनलाल मोदी, प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ, गाउँपालिका अध्यक्ष, उद्योग सङ्गठन मोरङका अध्यक्ष भीम घिमिरेलगायतसँग छलफल गरेपछि सहमति जुटेको हो ।

मुख्य मन्त्री राईले प्रसारण लाइन निर्माणको अवरोध हटाउन आवश्यक प्राविधिक पक्षको अध्ययन गरी ४५ दिनभित्रमा निर्माण




सक्ने निर्णय गरिएको बताउनुभयो । मुख्य मन्त्री राईले निर्माणमा अवरोध हटेपछि समस्या समाधान गर्न पहल गर्दै यसअघि मोरङ क्षेत्र नम्बर ४ का सङ्घीय सांसद अमनलाल मोदीसहित ग्रामथान गाउँपालिका अध्यक्ष, उद्योगी, व्यवसायी लगायतसँग छलफल गर्नुभएको थियो ।

सहमतिपछि सांसद मोदीले प्रसारण लाइन निर्माणमा आफूले कहिले पनि अपरोध नगरेको बताउदै भन्नुभयो,' प्रसारण लाइन निर्माणमा मोदीले पैसा मागेर अवरोध गर्‍यो भन्ने सम्मका गलत आरोप म माथि लगाइयो, तर मैलै अवरोध गरको छैन, लाइन निर्माण हुनुपर्छ भन्दै शुरुबाटै निरन्तर सहयोग गरिरहेको व्यक्तिमाथि झुटो आरोप लगाइयो ।'

प्राधिकरणका कार्यकारी निर्देशक घिसिङले त्यस क्षेत्रमा विद्युत् आपूर्तिलाई सुधार गर्न पहल गरिने बताउनुभयो । प्राधिकरणले कहिले पनि प्रसारण लाइन निर्माणमा संघीय सांसदले पैसा मागेर अवरोध गरेको नभनेको स्पष्ट पार्नुभयो । प्रसारण लाइनको ग्रामथानको गिदनीय टोलमा तीन किलोमिटर क्षेत्रमा बाहेक सबै स्थानमा लाइन निर्माण भइसकेको छ । दुहबी-कटहरीको ३३ केभी प्रसारण लाइन सञ्चालनमा आउना साथ कटहरी-रंगेली करिडोरमा देखिएको विद्युत् आपूर्तिको समस्या समाधान हुन्छ, विराटनगरमा समेत भोल्टेजको समस्या नदेखिने प्राधिकरणले बताएको छ ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
www.janaakash.com.np



# नेपालमा मृत्युदण्ड कानुन

–डा. राजु अधिकारी

नेपालमा मृत्युदण्ड १९९१ देखि नै कानुनद्वारा नै बर्जित छ। २०७२ नयाँ गणतान्त्रिक संविधानमा पनि संविधानको भाग ३ को मौलिक हक र कर्तव्य धाराअन्तर्गत 'सम्मानपूर्वक बाँच्न पाउने हक' को दोस्रो बुँदामा 'कसैलाई पनि मृत्युदण्डको सजाय दिने गरी कानुन बनाइने छैन' भनेर स्पष्ट भाषामा लेखिएको छ। त्यसो त संसारका धेरै जसो प्रजातान्त्रिक मुलुकहरुमा मृत्युदण्डको कानुन बर्जित नै छ तर अझै पनि निकै धेरै राष्ट्रहरुमा मृत्युदण्डको कानुन जीवितै छ। राष्ट्रहरुको सङ्ख्याको हिसाबले हेर्दा विश्वका लगभग ५०५ राष्ट्रहरुमा मृत्युदण्ड गैरकानुनी छ भने अरू ५०५ मा अझै पनि कानुनी छ। तर जनसङ्ख्याको आधारमा हेर्दा संसारको लगभग ६०५ भन्दा बढी जनसङ्ख्या बस्ने देशहरुमा अझै पनि मृत्युदण्ड दिइन्छ।

२०१८ को तथ्याङ्कलाई हेर्दा संसारभर २० वटा देशमा लगभग २ हजारको हाराहारीमा मृत्युदण्ड सजाय दिइएको छ, यो २०१७ को भन्दा धेरै हो। धेरैजसो देशहरुमा कानुनी प्रावधान भए पनि त्यसलाई प्रयोगमा निकै कम मात्रामा ल्याइएको छ। संयुक्त राष्ट्रसङ्घले पनि बिस्तारै संसारबाट मृत्युदण्डको कानुन पूर्ण रूपमा हटाउनेतर्फ कदम चालेको छ। तथ्याङ्कको अध्ययन गर्ने हो भने केही अपवादबाहेक संसारका अधिकांश विकसित मुलुकहरुमा मृत्युदण्डलाई बर्जित गरिएको छ।

मृत्युदण्डको कुरा मानिसको बाँच्न पाउने अधिकारसँग सोझै जोडिएको कुरो हो। कसैको जीवनलीला नै समाप्त पार्ने जस्तो संवेदनशील कुरो अवश्य पनि निकै नै गम्भीर कुरो हो, त्यसैले पनि मानव अधिकारवादीहरुले यो विषयलाई जोडदार रूपमा उठाउने गर्छन्। तर त्यति हुँदाहुँदै पनि संसारको सबभन्दा अधिक जनसङ्ख्या भएको चीन होस् या आफूलाई ससारको प्रजातन्त्र र मानव अधिकार को मसिहा ठान्ने अमेरिका होस् या सबभन्दा ठूलो प्रजातन्त्रको पगरी गुथेको भारत होस् या कुल मिलाउँदा एक अर्बभन्दा बढी जनसङ्ख्या भएका अधिकांश मुस्लिम देशहरु हुन्, त्यहाँ मृत्युदण्ड अझै पनि कानुनीरुपमा सुरक्षित छ।

मृत्युदण्डको कानुन निकै नै क्रुर भए पनि त्यस्तै क्रुरता प्रदर्शन गरेर हत्या र बलात्कार गर्ने र चरम भ्रष्टाचार गरेर देश र जनताको घाँटी निमोठ्ने व्यक्तिहरुका लागि त्यो कानुन अझै पनि केही हदसम्म आवश्यक रहेको छ। त्यसैले त जापान, अमेरिका, सिङ्गापुर जस्ता विकसित देशहरुमा समेत यो कानुनलाई बर्जित गरिएको छैन र हरेक वर्ष त्यहाँ मृत्युदण्ड पनि दिइन्छ।

'के मृत्युदण्डले आपराधिक क्रियाकलापमा लगाम लगाउँछ त ?' भन्ने बारेमा निकै धेरै अनुसन्धानम भएका छन्। तर पनि अहिलेसम्म कसैले पनि मृत्युदण्डको पक्षमा या विपक्षमा ठोस परिणाम निकाल्न सकेका छैनन्। अधिकांश अनुसन्धानकर्ताहरुले मृत्युदण्डको विपक्षमा आफ्नो मत जाहेर गरे पनि त्यसको पक्षमा मत जाहेर गर्नेको सङ्ख्या पनि उल्लेखनीय छ। धेरैजसो अध्ययन अमेरिका र युरोपमा भएकाले त्यो अध्ययनको निष्कर्ष एसिया, अफ्रिका र ल्याटिन अमेरिकी मुलुकका लागि असत्य पनि हुन सक्छ। चीनमा गरिएको अध्ययनको निष्कर्ष र अमेरिकामा गरिएको अध्ययनको निष्कर्षमा आकाश जमिनको फरक आउँसक्छ। त्यस्तै हत्या, बलात्कार जस्ता क्रुरतापूर्ण अपराध र भ्रष्टाचार जस्ता 'श्वेत कलर' अपराधमा पनि मृत्युदण्डले दिने परिणाम फरक फरक हुन सक्छ। हत्या र बलात्कारका अपराधहरुमा मृत्युदण्डको कानुनले अपराध रोक्न धेरै ठूलो योगदान नगरे पनि पढेलेखेका मानिसहरुबाट हुने भ्रष्टाचार र अन्य 'श्वेत कलर' अपराधमा मृत्युदण्डको कानुनले अपराध घटाउन सहयोग गरेको कुरो हालसालै 'विश्व अर्थशास्त्र' जर्नलमा प्रकाशित लेखले पनि पुष्टि गरेको छ।

नेपालको सन्दर्भमा कुरा गर्दा, लोकतान्त्रिक संविधान बनाउने अनि नेपालको आपराधिक तथ्याङ्कको अध्ययन गरेर नेपालमा मृत्युदण्ड दिने जस्ता गम्भीर अपराधहरु नभएको तर्क दिँदै संविधान बनाउने बेलामा युरोपियन देशहरु र केही अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुको सल्लाह र दबाबमा परेर हाम्रा संविधान निर्माणकर्ताहरुले देशको परिस्थितिको मूल्याङ्कन नगरी मृत्युदण्डलाई बर्जित गरिदिए। उनीहरुको सल्लाह र दबाब उनीहरुको जस्तो देशका लागि अवश्यक पनि ठीक हो। तर त्यतिबेला जब युरोपको हातल अहिले हाम्रो देशको जस्तो थियो। उनीहरुका कानुन के थिए भनेर हामीले पल्टाएर हर्यौं भने हामीले थाहा पाउने छौँ कि सायद संसारमा आजसम्म सबभन्दा धेरै मान्छे मार्नेहरु युरोपियन नै हुन्। अहिले आएर उनीहरु नै हामीलाई यसो गर तर त्यसो गर भन्नु आफैमा उचित होइन। कुनै पनि देशले आफ्नो देशको परिस्थिति अनुसार कानुन बनाउनुपर्छ। कुनै दिन हाम्रो देश पनि उनीहरुको देश जस्तै विकसित र सभ्य भयो भने हामी पनि त्यही बेला आफ्नो कानुनलाई आवश्यक परिमार्जन गर्ने नै छौँ।

अधिकांश विकसित मुलुकहरु जहाँ लगभग सय प्रतिशत साक्षरता छ, जहाँ हत्या बलात्कारका घटनाहरु हुँदै हुँदैनन्, जहाँ आर्थिक र सामाजिक समानता छ, भ्रष्टाचार र ठगी हुँदैन त्यस्ता देशहरुमा मृत्युदण्ड अवश्य पनि पूर्णरुपमा बर्जित हुनु नौलो कुरा होइन। ती देशहरुमा मृत्युदण्डको कानुन भए पनि त्यो कहिले पनि प्रयोगमा आउँदैन किनभने त्यो देशमा त्यो प्रकारको नै अपराध हुँदैन। मैले केही महिना अगाडि एउटा समाचारमा पढेको थिएँ, नेदरल्यान्ड सरकारले अपराधीहरु निकै कम भएपछि देशका सबैजसो जेलहरु बन्द गर्ने निर्णय गरेको थियो। त्यस्ता देशमा मृत्युदण्डको कानुनको के काम ?

तर नेपालको सन्दर्भ अर्कै छ। विगतमा जे भए पनि हाम्रो समाजमा अहिले केही यस्ता घटना भएका छन् जसका लागि मृत्युदण्ड पनि कम हुन्छ। निर्मला पन्तको बलात्कार र हत्या त्यसैको एउटा उदाहरण हो। अहिले नेपालमा दण्डहीनताले सीमा नाघिसकेको छ, जे जस्तो अपराध गरे पनि अपराधीहरुलाई अपराध अनुसारको सजाय दिइँदैन। यसैको कारणले गर्दा भ्रष्टाचारी, हत्यारा, बलात्कारी निर्धक्कसँग अपराध गर्छन्। धेरै भयो भने केही वर्षको जेल सजाय मात्र हो। त्योभन्दा बढी केही हुनेवाला छैन भनेर उनीहरुको आपराधिक दिमागमा कतै कसैले अंकुश लगाउन सक्दैन। हाम्रो जस्तो देशमा विशेषगरी, राज्यकोषको चरम दुरुपयोग गर्ने जोसुकै हुन् या पूरै योजना बनाएर जानी जानी हत्या गर्ने हत्याराहरु या बलात्कार गर्ने बलात्कारी हुन् यदि उनीहरुको कर्तुत पुष्टि हुन्छ भने सबै प्रक्रिया पुर्याएर त्यस्ता अपराधीहरुलाई मृत्युदण्ड दिनु निकै नै आवश्यक भइसकेको छ।

मृत्युदण्ड अवश्य पनि संवेदनशील कुरो हो। एउटा मान्छेको ज्यान लिने भनेको सानोतिनो कुरो होइन, एक पटक गयो भने गयो, फेरि फर्केर आउँदैन। हामीले कतिपय समयमा गलत मान्छेहरुले मृत्युदण्ड पाएको पनि सुनेका छौँ। तर यहाँ भन्न खोजिएको मृत्युदण्ड त्यति सजिलो हैन तर कानुनीरुपमा नै बर्जित पनि बनाउनु हुँदैन भन्ने हो।

मानव अधिकारवादी र मृत्युदण्डका कानुनका विपक्षीहरु के भन्छन् भने मृत्युदण्डको सजाय हुने भयो भने कसैले मान्छे मार्यो भने अब यसै पनि मरिन्छ उसै पनि मरिन्छ भनेर उसले अरू मान्छे पनि मार्न सक्छ भन्ने तर्क। तर यसलाई हामीले कानुन बनाउँदा निकै नै गम्भीर रूपमा सोचेर बनाउनुपर्छ। हत्यारा भए पनि कस्तो अवस्थामा मारेको हो, धेरै पहिलेदेखि योजना बुनेर ठण्डा दिमागले मारेको हो या आवेशमा आएर मारेको हो, सबै कुरा सोचेर मात्र फैसला हुनुपर्छ। त्यति गर्दा आएको फैसला अवश्य पनि सबैका लागि न्यायोचित र स्वीकार्य हुन्छ।

हाम्रो जस्तो अविकसित, अराजक र अशिक्षित देशमा भ्रष्टाचार नै विकासको बाधा भएको छ। हाम्रा चेलीहरुको अस्मिता दिनदहाडै लुटिन्छ। हत्याराहरु गर्वका साथ छाती फुलाएर हिँड्छन्, जहाँ शिक्षा र चेतनाको कमी छ। त्यस्तो मुलुकमा मृत्युदण्डको कानुन हाम्रो समाजलाई केही हदसम्म अनुशासित र सुरक्षित राख्न सबभन्दा उपयुक्त सजाय हुन्छ।

बरु मृत्युदण्ड दिँदा निर्ममतापूर्वक नमारेर सबभन्दा कम पीडा हुने तरिकाले मृत्युदण्ड दिन सकिन्छ। त्यसै पनि सबै मानिस एक दिन मरेर जाने नै हो। हत्यारा, भ्रष्टाचारी, बलात्कारी जस्ता धर्तीका भारहरुलाई मार्दा पाप हैन धर्म लाग्छ। त्यसैले अहिलेको संविधानमा संशोधन गरेर भए पनि मृत्युदण्ड दिने बनाउनु नै अहिलेको नेपालको पक्षमा छ।

मृत्युदण्डको कानुन बनाउनु भनेको दिनदिनै मान्छेहरुलाई फाँसीमा झुण्ड्याउने भनेको होइन। हामी सबै चाहन्छौं, त्यो कानुन सकभर उपयोग गर्नै नपरोस् तर कानुनसँग नडराएर भ्रष्टाचार गर्ने, हत्या गर्ने, बलात्कार गर्ने दुई चार जना अपराधीलाई मृत्युदण्ड दिएर आपराधिक मानसिकता भएकाहरुलाई नतर्साउँदासम्म नेपालको दण्डहीनता अझै बढ्ने छ।

## विद्युत् महसुल बुझाउनै सकस

दाङ। आइतबार विद्युत् कार्यालय घोराही वितरण केन्द्रमा विद्युत्को महसुल बुझाउन आउनुभएका घोराही-६ का हर्कबहादुर डाँगीले गुनासो गर्दै भन्नुभयो, हामीले सरकारलाई पैसा बुझाउँछौंभन्दा पनि यति सास्ती खेप्नुपर्ने ? विद्युत् कार्यालय घोराही वितरण केन्द्रमा घण्टौं लाइनमा बस्दा पनि पालो नआएपछि उहाँको आक्रोश झन् बढेको थियो। रु ५० टेम्पुलाई तिरेर आएको जाँदा ५० तिर्ने हो। रु १०० विद्युत् महसुल बुझाउन अरु रु १०० खर्च हुन्छ, अझ दिनभरिको समय पनि त्यत्तिकै बित्ने गर्दछ।

उहाँले गाउँमा किराना पसलको ढोका बन्द गरेर महसुल बुझाउन आएको हुँदा रकमभन्दा पनि एक महीनाको विद्युत् महसुल बुझाउन एक दिन पूरै खर्च गर्नुपर्दा आफूजस्ता हरेक सेवाग्राहीलाई अन्याय भएको बताउनुभयो। घोराही-१ रामपुरबाट विद्युत् महसुल बुझाउन आउनुभएकी हरिमाया केसीको व्यथा पनि उस्तै थियो। गाडी चढेर १२ बजे कार्यालयमा आउनुभएकी उहाँले ३ बजे मात्रै पालो पाउनुभएको थियो। लगातार तीन घण्टासम्म लाइनमा बस्दा निकै थकाइ महसुस भएको उहाँले सुनाउनुभयो।

बङ्गलाचुलीबाट विद्युत् महसुल तिर्न आएका रुद्रबहादुर घर्तीको समस्या झन् धेरै थियो। परिवारसहित घोराहीमा किनमेलका लागि आउनुभएका उहाँलाई दिनभरि महसुल बुझाउने लाइनमा बस्नुपर्दाको सकस कस्ता थिएन। दिनभरि लाइनमा बस्नुभन्दा छिटो पालो आए बरु दोब्बर पैसा बुझाउने थिए भन्ने खालको आशय उहाँले पटक-पटक व्यक्त गरिरहनुभएको थियो।

विद्युत् कार्यालय घोराही वितरण केन्द्रमा घोराही उपमहानगर र बङ्गलाचुली गाउँपालिका गरी करीब ३६ हजार विद्युत्का ग्राहक छन्। विद्युत् ग्राहकको सङ्ख्याको आधारमा भन्दा पनि प्रत्येक दिन विद्युत् कार्यालयमा एक हजार २०० भन्दा बढी ग्राहक महसुल बुझाउनका लागि आइपुग्छन् तर कार्यालयमा विद्युत् बुझाउने काउन्टर भने दुईवटा मात्रै छ। यसले गर्दा महसुल तिर्नेको भीडभाड हिजोआज सधैँजसो हुने गरेको सेवाग्राही बताउँछन्। काउन्टरदेखि निकै परसम्म महिला-पुरुषको छुट्टाछुट्टै लाइन लागेका हुन्छन्।

कार्यालयले दुई महीनाभन्दा बढी समय विद्युत् नबुझाउनेको फटाफट लाइन काट्ने अभियान थालेको हुँदा भीड बढेको हुनसक्ने जनाएको छ। विद्युत् कार्यालयले दिएको जानकारीअनुसार अहिलेसम्म समयमा विद्युत् नतिर्ने घोराही १४ र १५ नं वडाका करीब तीन दर्जन ग्राहकको लाइन काटिसकेको छ। कार्यालयका सूचना अधिकृत बमबहादुर बुढाथोकीले अब अभियानअन्तर्गत नियमित महसुल नबुझाउनेको लाइन काट्न शुरु गरिसकेको हुँदा महसुल बुझाउन छुटेकाहरु पनि तिर्न आउने क्रम बढेको बताउनुभयो।

यस्तै विद्युत् कार्यालयमा बढेको भीडको परिणाम पनि लाइन काट्ने अभियान भएको उहाँले बताउनुभयो। अब कार्यालयले मासिक विद्युत् महसुल बुझाउनुपर्ने र दुई महीनाभन्दा बढी समय महसुल नबुझाए लाइन काट्ने अभियान थालेपछि भीड बढेको हो, उहाँले भन्नुयो, हामीले नियमित विद्युत् नबुझाउनेलाई कारवाहीको दायरामा ल्याउन थालेपछि सेवाग्राही तिर्नका लागि आउने गरेका छन्। केही समय अगाडिसम्म चार काउन्टरबाट विद्युत् महसुल उठाइरहेको कार्यालयमा अहिले दुई काउन्टर बन्द भएका छन् भने दुईबाट मात्र सेवा प्रवाह भइरहेको छ। सूचना अधिकृत बुढाथोकीले दिएको जानकारीअनुसार एक कर्मचारीको सरुवा भएपछि र अर्का एक बिरामी भएर उपचारका लागि गएपछि बाध्यतावश दुई काउन्टर बन्द गर्नुपरेको बताउनुभयो। पछिल्लो समय विद्युत् कार्यालयले कम्प्युटर प्रणालीमार्फत विद्युत् महसुल काट्ने र बुझ्ने गर्न थालेपछि काउन्टरमा तालीमप्राप्त कर्मचारीले मात्रै काम गर्न सक्ने अवस्था रहेको छ। अहिले विद्युत् कार्यालयमा ५६ कर्मचारी कार्यरत छन्।

मंगलमय शुभकामना
विजया दशमी, दिपावली, छठ पर्व, नेपाल सम्वतको पावन अवसरमा हाम्रा समस्त शुभचिन्तक तथा दाजुभाई, दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि सहीत हाम्रो हार्दिक मंगलमय शुभकामना
चितवन गुरांस इन्भेष्टमेन्ट एण्ड डेभलपर्स प्रा.लि.
शहीदचोक नारायणगढ, चितवन

मंगलमय शुभकामना
विजया दशमी, दिपावली, छठ पर्व, नेपाल सम्वतको पावन अवसरमा हाम्रा समस्त शुभचिन्तक तथा दाजुभाई, दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि सहीत हाम्रो हार्दिक मंगलमय शुभकामना
दिनेश कुमार चुके (अध्यक्ष एवं)
हंस बहुउद्धेश्यीय सहकारी संस्था लि.
भरतपुर महानगरपालिका-१
शहीदचोक, नारायणगढ चितवन
सेवाकेन्द्रहरुः र.न.पा.-१
टाँडी र भ.म.न.पा.-१६, जियनगर

मंगलमय शुभकामना
विजया दशमी, दिपावली, छठ पर्व, नेपाल सम्वतको पावन अवसरमा हाम्रा समस्त शुभचिन्तक तथा दाजुभाई, दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि सहीत हाम्रो हार्दिक मंगलमय शुभकामना
श्री नारायण पण्डित
प्रहरी नायब निरीक्षक
इलाका प्रहरी कार्यालय
कटहरिया रौतहट

मंगलमय शुभकामना
विजया दशमी, दिपावली, छठ पर्व, नेपाल सम्वतको पावन अवसरमा हाम्रा समस्त शुभचिन्तक तथा दाजुभाई, दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि सहीत हाम्रो हार्दिक मंगलमय शुभकामना
श्री कृष्ण मोटर ड्राइभिङ ट्रेनिङ सेन्टर
भरतपुर-१०, चौबिसकोठी, चितवन

मंगलमय शुभकामना
विजया दशमी, दिपावली, छठ पर्व, नेपाल सम्वतको पावन अवसरमा हाम्रा समस्त शुभचिन्तक तथा दाजुभाई, दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि सहीत हाम्रो हार्दिक मंगलमय शुभकामना
राजेन्द्र महतो
प्रतिनिधिसभा सदस्य
क्षेत्र नं. ३, धनुषा

मंगलमय शुभकामना
विजया दशमी, दिपावली, छठ पर्व, नेपाल सम्वतको पावन अवसरमा हाम्रा समस्त शुभचिन्तक तथा दाजुभाई, दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि सहीत हाम्रो हार्दिक मंगलमय शुभकामना
जयबुद्ध अस्पताल प्रा.लि.
हस्पिटल रोड
भरतपुर, चितवन

मंगलमय शुभकामना
विजया दशमी, दिपावली, छठ पर्व, नेपाल सम्वतको पावन अवसरमा हाम्रा समस्त शुभचिन्तक तथा दाजुभाई, दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि सहीत हाम्रो हार्दिक मंगलमय शुभकामना
रेणु दाहाल (मेयर) नेत्रप्रसाद सुवेदी (प्रशासकीय अधिकृत) पार्वती शाह ठकुरी (उप मेयर)
भरतपुर महानगरपालिका परिवार

मंगलमय शुभकामना
विजया दशमी, दिपावली, छठ पर्व, नेपाल सम्वतको पावन अवसरमा हाम्रा समस्त शुभचिन्तक तथा दाजुभाई, दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि सहीत हाम्रो हार्दिक मंगलमय शुभकामना
रामप्रसा गैरे/कृष्णाकुमारी गैरे (प्रोप्राइटर एवं)
होटल मुन स्टार
भरतपुर-९, (बोस्टन कलेज रोड), चितवन, फोनः ०५६-५३०५४३, ९८६३०४८१११

# मेरा जिन्दगीका अनुभवहरु-१६


सूर्यनाथ बास्तोला

विभिनन विधामा विभिन्न प्रकारका अन्तर्राष्ट्रिय स्तरका लेख, उपन्यास, कविता खण्ड काव्य, महाकाव्यहरु लेख्न थालिएका छ ।

**आध्यात्मिक जागरण**

भौतिक लोक दृष्य लोक हो । अदृष्य आध्यात्मि लोक हो ।मानिसहरु साधारणत : भोतिक लोकमा नै रमाइ रहेका हुन्छन् । उनीहरुलाई यसैले आकर्षित गरी रहेको हुन्छ उनीहरुको क्रियाकलापमा रमाइरहेका हुन्छन् । किन भने क्षणिक सुखको लागि ती आकर्षक हुन्छन्, जस्तै आहार , निन्द्र, धन सन्तान प्राप्ति, पद, प्रतिष्ठा आदि भौतिकक जगत्का आकर्षक हुन् । मानवहरु भौतिक सुखमा पनि आनन्द खोजी रहेका हुन्छन् । भौतिक सुख क्षणिक हुन्छ स्थायी हुदैन । सुख शान्ति मान्छेहरुले खोजिरहेका हुन्छन् । जब मानिसमा भौतिक सुविधाबाट स्थायी आनन्द प्राप्त हुँदैन र बैराग्य उत्पन्न हुन्छ तव ऊ आफु भित्र रहेको आध्यात्मिक संसारको जगत्मा खोजी थाल्छ । मानिस आफ्नो शरीरबाट भित्र हुने प्रक्रियाहरु मन, आत्मा, परमात्माको खोजीमा निस्कन्छ तव उसको आध्यात्मिक जगत्को खोजी सुरु हुन्छ । जस्तै मानिसले संसारमा जीवन धान्नको लागि विभिन्न काम, सिप, ज्ञान विज्ञानको अध्ययन गरेर सहारा लिनु पर्छ । त्यस्तै अध्यात्मिक जगत्को खाजीमा योगाभ्यास र साधनाहरुको साहार लिनु पर्छ । सिक्नु पर्छ । अभ्यास गर्नू पर्छ ।

आध्यात्मि जगत्को अनुभूति हुदै जाँदा सुखानुभूति आनन्दको स्थायी हुँदै जान्छ र अन्तिममा सद्चित् आनन्दमा पुगिन्छ । यो स्थायी आनन्दको स्थिति हो । जबसम्म मन र बुद्धिका खेल चलि रहन्छ तब बोद्य र प्रज्ञाको अभाव हुन्छ । यस अवस्थामा मनको दरिद्रता तथा मगन्तेपन अनेक प्रकारका आकांक्षाहरु घुमि नै रहन्छन् र पुन: निरर्थक कार्य भई रहन्छन् । थाहा हुन र बोध हुनु अगल अलग कुरा हुन् । थाहा मनलाई हुन्छ भने बोध र चेतना प्रज्ञालाई हुने कुरा हो । प्राय : मानिस मन मै अल्झी रहने हुनाले चेतना र प्रज्ञाको गहिराइमा पुग्न सक्दैन । बोद्य अन्तस्बाट हुने प्रक्रिया हो । मन नै सुख अथवा दु:खको मूल हो । अशान्त मनले दु:ख ल्याउँछ । शान्त मनले सुख ल्याउँछ । अहंकार मन र बृद्धि भित्रको यस्तो ग्रन्थी हो जसले शरीरलाई विषय बासना र इच्छा कामनाको घनघोर जालोमा बाँधि दिन्छ । यसले सबै ज्ञानेन्द्रियाहरुलाई बुझिलिने बनाइ दिन्छ र नोक्सान हुने कार्यतिर प्रेरित गर्दछ । अहंकार अनेक प्रकारबाट प्रकट हुन्छ । लुकेर, देखिएर, बौलाएर जति पनि कर्महरु गरिन्छन् ती सबै बासना वा अहंकारका कारणबाट नै गरिन्छन् । कर्म भई सकेपछि जस्तो फल आउछ फल पनि भोग्नै पर्छ । शुभ कार्यबाट शुभ फल प्राप्त हुने हुँदा भोग्न सजिलो हुन्छ । अशुभ कार्यबाट अशुभ फल प्राप्त हुने हुँदा भोग्न थाहा पाउँछ । तब चित्तमा शान्ति र निर्विकार अवस्था आउन थाल्दछ । शान्ति तथा निर्विकार अवस्थामा न कुनै चाहना हुन्छ र बासना । न केही त्याग गर्ने इच्छा न केही प्राप्त गर्ने इच्छा हुन्छ । चाहना, त्याग, प्राप्ती आदि मन नलागेको अवस्थामा सुख दु:ख सघंर्ष आदि सबै बिदा हुन्छन् । यो चैतन्य अवस्था हो, यही चेतनाको उच्चता हो । चित्त विश्रामको अवस्थामा चेतनाको जन्म हुन्छ । चित्तका आशक्तिहरु दुख्न थाल्छन् । सार्थक, निरर्थक छुटाउन सक्ने अवस्था पैदा हुन्छ । यसरी बासना वृत्तिबाट अनाशक्त हुँदै गएको विवेकपुर्ण चाहना विकासित हुदा स्वत : वन्धहरु छिन्न भिन्न हुन थाल्छन् । टुट्न फुट्न थाल्छन् र उसले यसको अनुभव पनि गर्दछ । अत : चेतना प्रस्फुटना लागि चन्तिाको भूमिका रहन्छ । बासना र कामनाहरु तिर अघि बढ्दा मन प्रबल हुन्छ । बासना कामहरुबाट चिन्ता हटाउनसाथ चेतना प्रधान हुन्छ । चेतनाले मोक्षतिर लैजान्छ । चित्तले वासना तिर लैजान्छ । चेत्तले वासना तिर लैजान्छ । चेतनामा सार्थक कर्महरु स्वत: हुन्छन् । चेतना तिन शब्दको जोड हो । मन, बुद्धि र अंहकार भन्नेकेही व्यक्तिहरुको भनाई हो । चेतना मनुष्य भित्रको आत्माको एक गजब उपकारक हो, जसका सहयोगमा मनका वृत्तिहरु (काम, क्रोध,लोभ, मोह,इर्ष्या र अहंकार)लाई निराकरण (समाधान)र विरोध गर्न सकिन्छ । जब विचार बुद्धि संवेदन, भाव, प्रज्ञा र विवेकद्धारा मन बाँधिन्छ अनि चेतना व्यक्त हुन्छ । तब मात्र यसले मानवीय उच्चाइतिर यात्र सुरु गर्छ । सार्थक कम घटित हुन्छन् ।

मनको जस्तै चेतनाको पनि शरीरमा कुनै विशेष आवास हुदैन, नत यसको आकार नै हुन्छ । यसैले चेतनाले शरीरभित्र र बाहिर सर्वव्यापी रुपबाट फैल्याएर प्राप्त गर्ने क्षमता राख्दछ । जब योगद्धारा मस्तिष्कलाई सचेत, शान्त एवं जागृत हुने प्रशिक्षण प्राप्त हुन्छ । तब बुद्धि बोधमा परिणत हुन्छ, यही असली चेतना हो । अब परिभाषा गर्न सजिलो हुन्छ कि चेतना भनेको बुद्धिको बोधपुर्ण अवस्था हो । चेनता प्रकाशबाट शरीर मन र बुद्धि प्रकाशित हुन्छन् । चेतना निर्मल आकाश जस्तै हो । यस निर्मल चेतना र अनन्त आकाशमा महान् तत्व सदा गुञ्जायमान् हुन्छ । यहाँ नै आत्म हो भन्ने बुझ्नु पर्छ । चेतना स्वतन्त्र छ । सधैं माथितिर फड्को मार्न खोज्दछ । चेतनाको परम् स्वतन्त्र अवस्थाले मोक्षतिर डोऱ्याउछ । यस प्रकारको चेतनालाई पनि मनले अंकुश लगाई तलतिर तान्न खोज्दछ । प्रज्ञाले माथि उठाउँछ । चेतनाले शरीर, भोग विलास आदि विषयहरुमा पकड राख्दैन । चेतना स्वभाव नै स्वतन्त्रता हो । त्यसमै चैतन्य प्रज्ञामा उपस्थित भएका व्यक्ति मात्रै ध्यान तथा मोक्षको यात्राको लागि योग्य हुन्छन् ।

*क्रमश:*

पुस्तक चर्चा

# अधिकारीको मुक्तक सङ्ग्रह '६०१ झटारा'



तेजप्रकाश बानियाँ
पूर्व सहायकरथी

दुर्गाप्रसाद अधिकारी 'भमरकोटे' नेपाली साहित्य जगतमा स्थापितहुँदैगरेको नामहो । उनी र म बाल्यकालमा एउटै कुवाको पानी पिएका 'भमरकोटे' दाइभाइहौं । तर पनि उमेरको भिन्नताले गर्दा, उनको अन्तर्हृदयमा रहेको क्षमतालाई मैले राम्रोसँग पहिचान्न सकेको रहेनछु । किशोर अवस्थामाआ-आफ्नै क्षेत्रमा लागियो । कैलेकहीं भेट भएमा नमस्कार साटसाट र केछ ? कसो छ ? ठिकै छमा सिमित रह्यो । उनमा समाज सेवा र साहित्य लेखनमा बाल्यकाल देखिनै रुचि रहेछ, तर पनि जीवन समृद्धिका लागि अगाडि बढ्न आइपर्ने अनेकौ झटाराहरूको सामना गर्दै 'पहिला लक्ष्मी अनि सरस्वति' भन्ने सामाजिक मान्यतालाई आत्मसात् गरेर पहिला लक्ष्मीको जोहो गर्न नेपालमा अधिकृत स्तरको नोकरीलाई पञ्छाएर विदेशिन पुगे । उतैको नागरिक बने । ३० वर्ष अमेरिका बसोबास गरे । तर नेपाल र नेपालीलाई माया गर्न कहिल्यै भुलेनन् । विदेशमा रहेर पनि नेपालमा हुन सक्ने समाज सेवा उतैबाट पुऱ्याउँदै रहे ।

भनिन्छ समय वलवान् छ । समयले साथ दिएमात्र आफूले आँटेको कामको सफलता हात लाग्न सक्छ । जे काम आँटिन्छ, त्यसको सफलताको लागि साइत आउनुपर्दो रहेछ । साइत भनेकै उपयुक्त समय हो । दुर्गालाई पनि साहित्य लेखनमा पहिला देखिनै रुचि भएको हो । तर पनि उपयुक्त समयको अभावले उनीभित्रको साहित्य अंकुरित हुन नसकी, सुसुप्त अवस्थामा रह्यो । तीस वर्षको अमेरिका बसेर साढे दुइवर्ष अगाडि मात्र नेपाल फर्कि आएपछि मसँग फेसबुकमा मित्रता जोडियो । मैले उनलाई साहित्य साधनामा लाग्न अनुरोध गरें । उनले स्विकारे । विद्वान विदुषीहरूको साथ-सँगतले उनीभित्रको साहित्यिक उर्जाले प्रस्फुटित हुने अवसर पायो । यद्यपि उनका समसामयिक लेख बेलावखत पत्रिकामा प्रकाशित हुँदै आएका थिए ।

२०७६ साल श्रावण १७ गते शुक्रबारका दिन प्रज्ञा-प्रतिष्ठान, कमलादीमा भव्य समारोह बीच प्रतिष्ठानका कुलपति गंगाप्रसाद उप्रेतीद्वारा विमोचित दुर्गाको मुक्तक सङ्ग्रह '६०१ झटारा' मा प्रस्तुत अन्तर्वस्तुबारेमा भन्नुपर्दा यो उनको दोश्रो कृतिहो । यस अघि बालबालिकालाई अक्षर सिकाउन उपयुक्त हुने हाइकु वर्णमाला २०७५ प्रकाशित भएको छ । लीलाध्वज थापा साहित्य प्रतिष्ठान, बालुवाटारले प्रकाशनमा ल्याएको यस पुस्तकलाई बालबाकिले मात्र नभई अरू पाठकले पनि मन पराएकाले दोश्रो संस्करण छिटै आँउने अवसर पनि पाएको छ । यो मुक्तक सङ्ग्रह पनि निकै चर्चामा छ ।

मुक्तककार अधिकारीले नेपालमा विद्यमान राजनीतिक एवम् सामाजिक विकृति, खेलकुद, देशप्रेम, देशभक्ति, देशको सुरक्षा व्यवस्था, सीमास्तम्भको




हेरफेर, फोहोरमैला माथी हुने राजनीति, राष्ट्रिय चिन्तन, नेताहरूमा नैतिकताको कमी, सरकारको बहुलठ्ठी पना, सरकारद्वारा विना गृहकार्य गरिने निर्णय र तुरुन्त गरिने बदर, सरकारबाट हुने असल कार्यको प्रशंसा र खराव काम प्रति खवरदारी जस्ता यो देशको विकास, उत्थान र सवलीकरण र असल नागरिक बन्नका लागि चाहिने यावत कार्यमा मुक्तकीय ढङ्गमा ६०१ झटाराले प्रहार गर्न भ्याएका छन् ।

हजारौंहजार वर्षदेखि हिन्दु धर्मको अति प्राचीन वाङ्मय वेदद्वारा प्रतिपादित सिद्धान्त, आदर्श, सभ्यता र धर्म संस्कृतिप्रति अधिकारी उत्तिकै मर्यादा राख्दछन् । त्यसैगरी आफूले मानि आएको सनातन धर्म, संस्कृति, परम्पराप्रति विदेशीद्वारा हुँदै गएको अतिक्रमण बाट पनि सारै चिन्तित छन् । यसका लागि सरकार र अरू जो जहाँ छौं आ-आफ्नै स्थानबाट घनिभूत आवाज उठाउन जरुरी ठानेका छन् ।

अधिकारीले ६०१ मुक्तकको पहिलो मुक्तकमा ईश्वरीय शक्ति, मान्यजन र गुरूवरप्रति समर्पण भाव व्यक्त गर्दै वन्धनाको रूपमा लेखेका छन् ।

*'मुक्तक शुरूगर्नु अघि ध्यानगर्न मन लाग्यो ।*
*कुनै निराकार शक्तिको गानगर्न मन लाग्यो ।*
*साहित्य विधामा मलाई खासै राम्रो ज्ञान छैन ।*
*डोऱ्याउने गुरूप्रति, सम्मान गर्न मन लाग्यो ।'*


वर्तमान सन्दर्भमा हाम्रो देशमा नैतिकताको खडेरी पर्दै गएका बेलाउनको पहिलो मुक्तकबाट उनी कति नैतिकवान छन् भन्नेस्पष्ठ झल्कन्छ ।

अमेरिका पुगेका सबै तहका ब्यक्ति कुनै न कुनै बहानामा उतै टाँसिन खोज्ने र केही नलागे मात्र नेपाल फर्कने चलन छ । तर अधिकारी लामो समय उतै बसोबास गरेर पनि नेपाल र नेपालिको मायाले स्वदेश फर्किएर समाज सेवा र साहित्य साधनमा लाग्नु भनेको साहित्य प्रेमी र साहित्यका लागि पनि खुशीको कुरा हो । उनको यो कदमलाई म सम्मान गर्दछु ।

बहु आयामिक प्रतिभाका धनी दुर्गा अधिकारीद्वारा प्रस्तुत मुक्तकहरूमा क्रम संख्या ३२७ को एउटा मुक्तक १२ गोटा अक्षरमा पुरा भएको छ । मलाई खाग्छ मुक्तकको इतिहासमा यो नै सबैभन्दा छोटो मुक्तक हुनसक्छ । आजकल विशेष गरेर युवा साहित्यकार माझ मुक्तक लेख्ने र प्रकाशन गर्ने लहर नै चलेको छ । त्यै लहरमा लहरिदै आएका अधिकारीको मुक्तक सङग्रह पहिलो कृति बाटै चर्चा बटुल्न सफल भएको छ । शब्दचयन, छपाई, व्याकरण, शास्त्रीय मान्यताका हिसावले पुस्तकमा सामान्य त्रुटिहरू भएपनि यस्ता कमी कमजोरीहरू अभ्यास गर्दै जाँदा आफै हटेर जानेछन् भन्ने मेरो बुझाइ छ । भविश्यमा पनि लेखकका यस्ता कृतिहरू अझ परिमार्जित भै पाठक सामु आउँन सफलता मिलोस, र लेखकलाई पनि मुक्तक सम्राटको उपाधिले सम्बोधन गर्न पाइयोस् भन्ने कामनाका साथ कलम बन्द गर्दछु ।

वडा दशैं तथा अन्य पर्वहरुको शुभकामना सहित

## गजल



खराब् ती संगतबाट, तर्किदा वेश होला ।
असल् कर्महरु तिर, फर्किदा वेश होला ।

देशलाई माया दिने, मायालुलाई भेट्दा
गाजलु ती ठुला आँखा, कर्किदा वेश होला ।

गाउँ वेशी काम गर्दा, थकाइ लाग्यो भने
साझपख सुर्यसंगै, घर्किदा वेश होला ।

बिध्यमान अत्याचार, भ्रष्टाचार बिरुद्ध,
मध्य दिन्का रवी सरी, चर्किदा वेश होला ।

तराईमा गर्मी बढदै, हाहाकार हुदा,
हिमालको सितल् जल, छर्किदा वेश होला ।

स्वाभिमान नेपालको, खतराको संकेत,
पायौ भने तिन्का सामु, झर्किदा वेश होला ।

आगो लाग्यो पाहाडमा, तराईलाई चिन्ता,
मुसलधारे बर्षा सरी, दर्किदा वेश होला ।

चाडपर्व नेपालीका, दशै तीज तिहार,
बारुली ति कमरहरु, मर्किदा वेश होला ।

तराईमा गर्मी भइ, बाच्न सकस भए,
अलि माथि पाहाडमा, लर्किदा वेश होला ।

दुर्गा अधिकारी भमरकोटे ।

## नाता पोशी नेकपा गनायो

कृष्ण बहादुर बोगटी काका, धुम्बाराही ४, काठमाण्डौ
हाल चक्रबहिल -१२, ललितपुर

समक्ष नेता मन्त्रि लाई पाँखा लगायर
नाता गोता असक्षमलाई मन्त्री बनाएर
जनार्दन शर्मालाई मन्त्री दिनुपर्छ
त्यसो गर्तं सक्यो भने पानी तस्करी मर्छ ।

भ्रष्टाचारी निर्मुल पार्न सेरबहादर तामाङ्ग नै चाहिने
भ्रष्ट संग साँठगाँठ गर्ने यहाँ धेरै नेता मन्त्रि पाइने
सक्षम नेता नेकपाले पाँखा लगाएर
छोरीबुहारी असक्षमलाई मन्त्री बनाएर ।

मन्त्री र ठेकेद्धार को के मा कुराकानी मिलेन
२०७४ मै आउनु पर्ने मेलम्ची कैले कुरा मिलेन
नेपालमा बिकास गर्न नेता मन्त्री पोष्नु पर्ने
जता तते घुस दिनुपर्ने ठेकदार ब्यापारीले के गर्ने ।

ठेक्कापट्टा नाता गोता घर बेटीलाई दिने
त्यस्ता भ्रष्ट नेताहरुले देशलाई के हो दिने
नेताको जाल झेलले छोरी मेहेर भइन
कामै गर्न नसक्ने बुहारी मन्त्रितिर गईन ।

असक्षम सबैजना शक्तीसाली नेता दाँया बाया
सक्षम नेता सबैजनाले कामै गर्ने मौका नै पाएनन्
ल्याउनुपर्छ सेरबहादुर तामाङ्ग जनार्दन शर्मा
तब बत्ति बल्ने गर्छ गरीबको घरमा ।

मंगलमय शुभकामना

विजया दशमी, दिपावली, छठ पर्व, नेपाल सम्वतको पावन अवसरमा हाम्रा समस्त शुभचिन्तक तथा दाजुभाई, दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि सहीत हाम्रो हार्दिक मंगलमय शुभकामना

कालिका नगरपालिका
परिवार

मंगलमय शुभकामना

विजया दशमी, दिपावली, छठ पर्व, नेपाल सम्वतको पावन अवसरमा हाम्रा समस्त शुभचिन्तक तथा दाजुभाई, दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि सहीत हाम्रो हार्दिक मंगलमय शुभकामना

सप्तगण्डकी बहुमुखी क्याम्पस परिवार
भरतपुर, चितवन

## कहिले....?

क्षेत्रका सञ्चारकर्मीहरुले फलानो देशले यति नेपाललाई सहयोग गऱ्यो भनेर त्यसैलाई ठुला ठुला अक्षर राखी समाचार बनाउनु परेको छ। किनकी आफ्नो देशलाई सहयोग गरेको कुरा राम्रो हो। तर नेपालीहरु दिनानुदिन परनिर्भर हुँदै गएको नराम्रो कुरा हो। अर्को नेपालका आम सञ्चारका माध्यमहरु अधिकाँश विदेशी कम्पनीका आयातित सामाग्रीहरुको विज्ञापनबाट धानिनुपर्ने अवस्था छ। नेपालको आफ्नै उत्पादन केही नहुँदा विदेशी कम्पनीबाट परनिर्भर हुनु पर्दा आम सञ्चारक्षेत्रले कहिलेकाहिँ ती विदेशी कम्पनीले गरेको गल्ती समेत समाचार बनाउँदैन त्यसको असर राष्ट्रलाई हुन्छ। यसरी राष्ट्रलाई नोक्सान पुग्दोरहेछ भनेर बुझेर हाम्रो देशका नेताहरुले कहिल्यै आफ्नै देशभित्र ठुलाठुला कम्पनीहरु कहिल्यै खोल्ने सोच राखेको देखिँदैन।

**राणाकालिन युगमा सेनाको गोली गठ्ठा उत्पादन**

नेपाली सेनाले राणाकालीन व्यवस्थामा आफै हातहतियार, गोलीगठ्ठा उत्पादन गर्थ्यो रे त्यही इतिहासले भन्छ। नेपाल आफैले बन्दुक, गोली, बारुद्ध बनाएर भोटयुद्ध जितेको इतिहास छ। अहिलेको अवस्थामा सामान्य बन्दुक, गोली पनि भारतबाट आयात गरिएको र एमसिक्टिन बेल्जियमबाट खरिद गरिएको घटनाले त नेपालको बारेमा सबैलाई जानकारी भएकै कुरा हो।

सेना भनेको देशको रक्षा सुरक्षा गर्ने निकाय हो। हो त्यही देशको रक्षा सुरक्षा गर्ने निकायले समेत अरु देशबाट हात हतियार ल्याएर प्रयोग गर्नुपर्छ भने राष्ट्रको रक्षा, सुरक्षा कसरी होला भोलि यो संवेदनशील विषयमा हातहतियार, गोलीगठ्ठा नभएको खण्डमा के गर्ने समस्या उत्पन्न हुन सक्ने देखिन्छ। यसलाई परनिर्भरताको पराकाष्ठा भनिन्छ।

**गोलभेडा समेत आयात गर्ने देश नेपाल**

कृषि प्रधान देश भनेर ठुलाठुला अक्षरमा लेखेर पढाउने र कृषिको आधुनिकीकरणमा कहिल्यै ध्यान नदिने कृषकको पेशा, उत्पादन, बिक्री, बजारको व्यवस्थापन नगर्ने अनि कृषि प्रधान देश भनेर रटान रटिरहने र त्यस कृषिबाट किसानले आफ्नो जीविकोपार्जन गर्न नसकेर भएको खेतीयोग्य जग्गा बाँझै छोडेर विदेश पलायन हुँदा समेत देखेर पनि नदेखेझै गर्ने राज्यको व्यवस्थापन पक्षले गोलभेठा समेत भारतबाट आयात गरेर नेपाली भान्छामा पुऱ्याउनुपर्ने अवस्था आएको छ। जबकी नेपालले १९६२ मा कोरियालाई खाद्यान्न अभाव हुँदा चामल सहयोग गरेको रेकर्ड भेटिन्छ। यो अवस्था सृजनां हुँदा समेत कृषिको लागि कुनै पनि ठुला परियोजना बनाउन सरकार सञ्चालन गर्नेहरुले कृषिलाई प्राथमिकता नदिएको बुझिन्छ।

**सरकारपक्ष ऋणमा नै मख्ख**

नेपालको यो ७० वर्षमा कुनै पनि पार्टीबाट सरकार चलाउन गएका नेतृत्वहरुले कहिल्यै पनि नेपाल आफैले आम्दानी गर्नुपर्छ, आम्दानी गर्नको लागि सम्भावित क्षेत्रहरुलाई चयन गरेर उत्पादन, व्यापार, पर्यटन के गर्दा देशलाई फाइदा हुन्छ र आत्मनिर्भर बन्न सकिन्छ। आर्थिक बृद्धि कसरी गर्न सकिन्छ भन्ने तर्फ गम्भीर भएर कुनै पनि नेतृत्वले सोचेको देखिँदैन। उनीहरुको सोच परनिर्भरवादी छ। विदेशी ऋण ल्याएर मख्ख पर्ने र बस्ने देखिन्छ। त्यो ऋणको भार भोलिका भावी नेपाली सन्तानलाई असर पुग्ने कुरा सोचेका छैनन् भन्ने भान गराउने खालको उनीहरुको शासन पद्धतिले देखाइरहेको छ।

**के भन्छन् राष्ट्रवादी देशभक्तहरु ?**

क) हामीले हाम्रै देशको कम्पनीको उत्पादनको प्रशंसा कहिले गर्न पाउँछौं ? पत्रकारहरुको भनाई।

ख) हामीले आफ्नै देशले बनाएको मोटर कहिले चढ्न पाउँछौं, यात्रुहरुको भनाई।

ग) हामीले आफ्नै देशले बनाएको हतियार कहिल्य बोक्न पाउँछौं, नेपाली सेनाहरुको भनाई।

घ) हामी आफ्नै देशको उपकरणहरु प्रयोग गरेर ठुला ठुला संरचना बनाउन ती उपकरण किन्न पाउँछौं ? निर्माण व्यवसायीहरुको भनाई।

ङ) हामी १२ महिना खेती गरेर कृषि उत्पादन गरी कृषिमा आत्मनिर्भर हुनलाई, सिचाई, बिउ, बिजन, सितभण्डार, बजारको ग्यारेन्टी हुन्छौं, किसानहरुको भनाई।

च) हामी आफ्नै देशको ठुलो कारखानामा काम गरेर हामीले उत्पादन गरेको बस्तु मेड इन नेपाल ब्याज टाँसेर विदेशलाई निर्यात गर्न सक्छौं र हामीले गरेको कामबाट परिवार पाल्न पुग्ने पारिश्रमिक कहिले पाउँछौं ? मजदुरहरुको भनाई।

छ) हामीले पढेको ज्ञान नेपालकै लागि प्रयोग गर्न कहिले पाउँछौ र +२ गर्ने बित्तिकै अष्ट्रेलिया, अमेरिका, युरोप भन्दा नेपालमै सम्भावना छ भन्ने विश्वासिलो वातावरण कहिल्य बन्छ ?, विद्यार्थीहरुको भनाई।

ज) हामीले आफ्नै देशले छुट्याएको सामाजिक कोषबाट रकम लिएर स्वच्छ, निष्पक्ष स्वतन्त्र मानवीय तथा प्राणीहरुको सामाजिक हितमा काम गर्ने वातावरण कहिल्य बन्छ ? समाजसेवीहरुको भनाई।

झ) हाम्रो देश नेपालको लागि आइपर्ने भव्यतव्यको लागि अनिवार्य कोर्ष कहिल्य गराइन्छ, युवाहरुको भनाई।

यो माथि उल्लेखित भनाइहरुले हेर्दा सबै तप्काले देशको असाध्यै माया गरेका छन्। देशको सम्बन्धित पक्षले ध्यान दिएर नेपाल हाम्रो हो हामी सबै मिलेर नबनाएसम्म अरुले बनाइदिन्छु भनेको भरमा अरु नै आएर विकास गरिदेला भन्ने आशमा हाम्रो देश नेपाल विकास हुँदैन। नेपालको विकास, नेपालको सुरक्षा, नेपालको हरेक क्षेत्रको संरचना नेपाली हामीहरुले नै एकतामा बाँधिएर, अठोट संकल्प राखेर नेपालको विकास, उन्नति प्रगति गर्न कडा मेहनत गर्यौं भने शुरु गरेको देखि १५ वर्ष भित्रमा विश्वका विकसित राष्ट्रको सूचीमा पार्न सक्छौं र नेपालीहरुको खान पुगोस् दिन पुगोस् भन्ने संस्कृतिलाई शिर ठाडो पारेर उभ्याउन सक्छौ यसरी बन्छ स्वाभिमान नेपाल।

## नेकपा ...

कार्यक्रमको सभापतित्व काठमाडौ जिल्ला कमिटीका सचिव सिद्धि महर्जनले गर्नुभएको थियो भने कार्यक्रमका प्रमुख अतिथि पार्टीका महासचिव सी.पी. मैनाली रहनु भएको थियो भने पार्टीका स्थायी कमिटी सदस्यहरु, पोलिटब्युरोका सदस्यहरु, केन्द्रीय सदस्यहरु, पार्टीका सदस्यहरु तथा सर्वसाधरणहरुको उपस्थिति रहेको थियो। कार्यक्रममा उपस्थित सवैले शुभकामना आदानप्रदान गरेका थिए।

## राष्ट्रपतिको ...

छलफल गरी अगाडि बढ्ने बताए। उनले आजै काठमाडौँको नागढुङगादेखि धादिङको सिस्नेखोलासम्मको सुरुङमार्ग शिलान्यास हुन लागेकामा खुसी व्यक्त गरे।

जापानी प्रधानमन्त्रीले आफ्नो सरकारले अध्यागमन कानूनलाई संशोधन गरी वैदेशिक रोजगारको क्षेत्रलाई सरल बनाएको र ९० हजारभन्दा बढी नेपाली जापानमा कार्यरत रहेको जानकारी दिए। उनले लुम्बिनीलाई बुद्ध दर्शनको उद्गम केन्द्रको रुपमा विकास गर्न सहयोग गर्ने आश्वासन दिँदै जापानमा आएको आँधीबेरीबाट भएको क्षतिप्रति नेपालले दुःख व्यक्त गरेकामा धन्यवाद दिए।

उनीहरुबीच नेपाल तथा जापानबीच उच्चस्तरमा भ्रमण आदानप्रदानका साथै काठमाडौँ-ओशाकाबीच नेपाल वायुसेवा निगमको सिधा उडान भएझैँ जापानका अन्य नगरमा पनि यस्तै सेवा विस्तार गर्ने विषयमा पनि छलफल भएको सचिव वैरागीले बताए। बैठकमा वातावरण तथा जलवायु परिवर्तनको प्रभावबारे सन् २०२० को अप्रिलमा नेपालले सगरमाथा संवाद आयोजना गर्ने जानकारी दिइएको उनले उल्लेख गरे।

भेटवार्तामा गृहमन्त्री रामबहादुर थापा, जापानका लागि नेपालका राजदूत प्रतिभा राणा, राष्ट्रपति कार्यालयका सचिव डा. हरि पौडेल, राष्ट्रपतिका प्रमुख स्वकीय सचिव डा भेषराज अधिकारी तथा परराष्ट्र मन्त्रालय र राष्ट्रपति कार्यालयका उच्चपदस्थ अधिकारी एवं जापानी पक्षबाट उच्चपदस्थ पदाधिकारी सहभागी थिए।

## स्वास्थ्य ...

मुख्य सचिवसँग परामर्श गरेपनि विशिष्ठ श्रेणीको अधिकारीले सरकारविरुद्ध पहिलोपटक मुद्दा हालेको भन्दै उनको राजीनामा स्वीकृतिमा आनाकानी भएको बताइएको छ। डा. चौधरी अदालत गएर सरकारको निर्णय उल्टिएपछि नै स्वास्थ्य मन्त्रालयमा दुई जना सचिव रहेका थिए।


खाना पकाउने ग्याँस (एल.पी. ग्याँस) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी

**नेपाल आयल निगम लि.** को

**अति आवश्यक जानकारी**

एल.पी. ग्याँस अत्यन्तै प्रज्वलनशिल पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवं सावधानी अपनाउनु जरुरी हुन्छ। त्यसैले खाना पकाउने ग्याँसको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्तावर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ।

**दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरु :**



१. सिलिण्डर ल्याउदा लैजादा नगुडाऔं। भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं। सुताएर, घोप्टाएर प्रयोग नगरौं।
२. रेगुलेटर, रवर, पाइप, चुलोजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयोग गरौ। साथै हरेक दुई वर्षमा ग्याँसको पाइप फेरौ।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं।
४. खाना पकाउदा सधै झ्याल ढोका खुल्ला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौ।

**ग्याँस चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरु :**



१. खाना पकाउने स्थानमा एल.पि. ग्यासको तिखो गन्ध आइरहेको छ भने ग्याँस चुहिएको भन्ने बुझ्नु पर्दछ। ग्याँस लिक भएमा पहिले रेगुलेटरको र पछि चुल्होको नव बन्द गरौ।
२. झ्याल ढोका खुल्ला राखौ र झिल्का निस्कने बस्तुहरु जस्तै ग्याँस चुल्हो, सलाई, लाईटर, धुप आदि नबालौ। विद्युतजन्य उपकरणको प्रयोग नगरौ।
३. ग्याँस लिक भएमा रेगुलेटरलाई सिलिण्डरबाट छुटाई सिलिण्डरमा सेफ्टी क्याप लगाइ बाहिर खुल्ला स्थानमा राखौ र यथाशिघ्र नजिकको ग्याँस विक्रेता अथवा ग्याँस उद्योगमा सम्पर्क गरौ।


*"सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो।"*

उपभोक्ता जनहितका लागि जारी

**नेपाल आयल निगम लि.**

केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं, नेपाल

०१–४२६३४८५, ४२६३४८१




**तपाइलाई कुनै फर्निचरका सामानहरु चाहिएको छ ?**

**हामीलाई सम्झनुहोस्**

afnsGof kmlg{/ pBf]u

मन्थली–१, रामेछाप

यहाँ फर्निचरका सम्पूर्ण सामाग्रीहरु पाइन्छ जस्तैः टेबल, कुर्सि, सोफाका साथै अफिस र पसलको सम्पूर्ण डेकोरेशन गरिन्छ। अर्डर अनुसारको घर तथा अफिसको सम्पूर्ण सामान उपलब्ध गराइन्छ।

**प्रो. खुम्ब बहादुर श्रेष्ठ**

मोबाइलन नं.: ९८५४०४०२१२, ९८४४२६७२१२ ९८६४२३७२३५

**जनआकाश मिडिया प्रा.लि.का लागिः** **प्रकाशक**: द्रोणबहादुर बस्नेत, **प्रधान सम्पादक**, मोहन कार्की ९८६१५८८४५६, **कम्प्युटर**: जनआकाश डेस्कटप

**प्रधान कार्यालय**, बागबजार, काठमाडौं, ०१–४१६७५७८, E-mail: jana.news2065@gmail.com, **मुद्रण**: सुप्रिम प्रिन्टिङ्ग प्रेस